# देशप्रेम

जनपक्षीय विचारप्रधान साप्ताहिक

DESHPREM National Weekly

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रा.लि.द्वारा प्रकाशित

वर्ष २७ अंक ४ २०८२ बैशाख २८ गते आइतबार (May. 11, 2025 ) का.जि.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।


## भारत पाकिस्तान युद्धले नेपालमा चर्को दबाव

# अघोषित नाकाबन्दीको अवस्था, संकट बढ्दो

काठमाडौं । भारत र पाकिस्तानबीचको युद्धका कारण नेपालमा चर्को दबाव बढेको छभने आर्थिक संकट थप बढ्नसक्ने संभावना देखापरेको छ । भारतीय सीमामा नेपाल र भारत दुबैतर्फबाट कडा सुरक्षा प्रबन्ध गरिएका कारण नेपालतर्फ अघोषति नाकाबन्दी शुरु भएको छ । नेपालको भातीय बन्दरगाहहुँदै भैरहेको आयात निर्यात ब्यापारमा एकाएक गिरावट आएको छ । त्यसैगरी पर्यटकको आगमनमा पनि कमी देखिएको छ । हवाई उडानमासमेत अवरोध सिर्जना भएको र पेट्रोलियम पदार्थको आपूर्ति प्रभावित हुनसक्ने बताउन थालिएको छ । पछिल्लो विकसित क्षेत्रीय सुरक्षा परिस्थितिलाई ध्यानमाराख्दै नेपालसँग जोडिएका अन्तर्राष्ट्रिय सीमानाकामा सुरक्षा सतर्कता बढाइएको छ । सशस्त्र प्रहरीका प्रवक्ता कालीदास धौबजीकाअनुसार नेपालसँग जोडिएका



अन्तर्राष्ट्रिय खुला सीमाको दुरुपयोग नहोस् र गैरकानूनी आगमन नहोस्भनी पूर्वसचेतना अपनाइएको छ। सीमा सुरक्षाको जिम्मेवारी बोकेको सशस्त्र प्रहरीले सीमा क्षेत्रबाट हुनसक्ने अवैध घुसपैठलाई रोक्नका लागि भारतीय सशस्त्र सीमा बल ( एसएसबी) सँगको समन्वयमा सीमानामा संयुक्तरुपमा गस्ती पट्रोल र खबर आदान-प्रदानलाई तीव्रता दिइएको देखिएको छ। सीमा क्षेत्रबाट हुनसक्ने अवैध घुसपैठलाई रोक्न नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग तथा स्थानीय जनप्रतिनिधि तथा सर्वसाधारण सँग समेत समन्वयगरी सीमा भएर आउजाउगर्नेमाथि कडा निगरानी गरिएको सुरक्षा अधिकारीहरुको भनाई छ। नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता रमेश थापाले पनि सम्भावित सुरक्षा अवस्थाको आंकलनगरी सुरक्षा सतर्कता अपनाइएको जानकारी दिनुभएको छ। परिचयपत्र बाहक यात्रुलाईमात्रै नेपाल-भारत आवागमन गराउन सरकारले परिपत्र गरेको छ। पहलगाममा एक नेपालीसहित २६ पर्यटकको ज्यान जानेगरी भएको आतंकवादी आक्रमणसँगै भारत-पाकिस्तान युद्धमा उत्रिएपछि सिर्जित परिस्थितिलाई दृष्टिगतगरी गृह मन्त्रालयले अन्तर्राष्ट्रिय सीमा जोडिएका दक्षिणतर्फका नाकाबाट आवागमनगर्दा यात्रुलाई परिचयपत्र अनिवार्य गरेको हो । भारततर्फका अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा विशेष निगरानी **बाँकी ८ पेजमा**

## एमालेमा देशैभर बिवाद र बिभाजनको स्थिति

काठमाडौं । एमालेमा देशैभर बिवाद र बिभाजनको स्थिति देखापरेको छ । प्राप्त समाचारहरु अनुसार एमालेको राष्ट्रिय युवा संघ पर्वतको विस्तारित भेलामा गतसाता झडप भएको थियो । जिल्ला पार्टी कार्यालयमा भएको भेलाकाक्रममा दुई पक्षकाबीचमा बिवाद भएपछि झडप भएको भनिन्थ्यो । झडपमा एमाले गण्डकी प्रदेशका सदस्य अर्जुन निर्जन पौडेल र युवा संघका नेता ध्रुव श्रेष्ठ घाइते हुनुभएको थियो । त्यहाँको गणेश तिमिल्सिना र पदम गिरी समूहबीच झगडा भएको प्रत्यक्षदर्शीहरुले बताएका थिए । त्यसैगरी एमालेको धनुषाको जिल्ला अधिवेशनमा पनि तीव्र बिवादभई झडपहुँदा पाँचजना घाइते भएका थिए । निर्वाचन समितिले निर्वाचन कार्यतालिका तयगरेर सम्पूर्ण तयारी पूरागरिसकेको भएपनि मतदाता नामावली सार्वजनिक भएपछि एक पक्षले समितिमाथि पक्षपात र धाँधली गरेकोको आरोप लगाउँदै बिरोध गरेको थियो । बिवाद चर्किंदै गएपछि अधिवेशन स्थलमै कुर्सी हानाहानको भएकोथियो । जसबाट अध्यक्ष राजकिशोर यादवलगायतका पाँचजना घाइते हुनुभएको थियो । **बाँकी ८ पेजमा**

## सरकार र द्वन्दपीडितहरु बीच द्वन्द चर्कियो

काठमाडौं । सरकार र द्वन्द पीडितहरुका बीचमै द्वन्द चर्किंदै गएको देखिएको छ । द्वन्द पीडितहरु सरकारसँग असन्तुष्ट देखिएपछि प्रधानमन्त्री केपी ओलीले आफूले द्वन्दकालदेखिनै शान्तिको पक्षमा स्पष्ट कुराराख्दै आएकाले वर्तमान सरकारप्रति विश्वासगर्न आग्रह गर्नुभएको छ । द्वन्द पीडितका बिभिन्न संस्थाका प्रतिनिधिले गतसाता प्रधानमन्त्री निवास, बालुवाटारमा प्रम ओलीसँग भएको भेटमा बिभिन्न गुनासो गरेपछि उहाँले उपरोक्त कुरा बताउनु भएको हो । द्वन्द पीडित देवी खड्कासहितका प्रतिनिधिले सिफारिस समितिबाट आफूहरुसँग परामर्श नगरी काम भएकोमा चिन्ता व्यक्त गर्नुभएको थियो । उहाँहरुले दलीय भागबण्डा नभई निष्पक्ष एवं पीडितलाई मान्य हुने व्यक्तिलाई आयोगको अध्यक्ष र त्यस्तै निष्पक्षतापूर्वक काम गर्नसक्ने व्यक्तिलाई सदस्यमा सिफारिस गर्नुपर्ने माग पनि गर्नुभएको छ । सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्यनिरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐनबमोजिम दुवै आयोगको **बाँकी ८ पेजमा**

## अख्तियारको छानविनले माधव नेपाल बिरामी

काठमाडौं । अख्तियारको छानविनले माधव नेपाल बिरामी पर्नुभएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । एकीकृत समाजवादीका अध्यक्ष नेपाल हाल हर्टअट्याकका कारण बिरामी रहनु भएको छभने अर्कातिर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले काभ्रेमा पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनीका नाममा किनिएको हदबन्दीभन्दा बढीको जग्गाको विषयमा बयान लिए पनि मुद्धा चलाउने विषयमाभने अनिर्णीत रहेको छ । अख्तियारले हदबन्दीभन्दा बढीको जग्गा राजनीतिक नेतृत्वसँगकै साँठगाँठमा अपचलन भएको पाइएपछि छानबिन थालेको थियो । त्यसक्रममा तत्कालीन प्रधानमन्त्री नेपालसँग बयानसमेत लिएको थियो । तर आयोगका पदाधिकारीहरुबीच पूर्वप्रधानमन्त्री नेपाललाई मुद्धा चलाउने वा नचलाउनेभन्ने सम्बन्धमा मत बाँझिएपछि मुद्धा चलाउने प्रक्रिया अवरुद्ध भएको बताइएको थियो । मन्त्रिपरिषद्को नीतिगत निर्णयकाबारेमा अख्तियारले छानबिनगर्न र मुद्धा चलाउन नपाउने कानूनी प्रावधान रहेको बताइन्छ । सो प्रावधानका कारण यसअघि पनि माधव नेपाल ललिता निवास **बाँकी ८ पेजमा**

## एमालेद्वारा सांसदलाई ह्वीप जारी, कांग्रेस मौन

काठमाडौं । सरकारको नीति तथा कार्यक्रम आज आइतबार संसदमा निर्णयार्थ पेश हुँदैछ । सत्तारुढ एमालेले आफ्नो पार्टीका सांसदहरुलाई अनिवार्यरुपमा उपस्थित भएर सरकारले ल्याएको नीति तथा कार्यक्रमको पक्षमा मतदानगर्न ह्वीप जारीगरेको छभने हिजो यो समाचार तयारगर्दासम्म नेपाली कांग्रेसले ह्विप जारीगरेको थिएन । सरकारको नीति तथा कार्यक्रमलाई लिएर नेपाली कांग्रेसमा बिवाद शुरुभएका कारण ह्विप जारी हुननसकेको बताइएको थियो । एमालेका प्रमुख सचेतक महेशकुमार बर्तौलाकाअनुसार राष्ट्रपतिले गत १९ गते संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमार्फत प्रस्तुत गरिएको आ.व. ०८२/८३ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई आज बैशाख २८ गते बस्ने प्रतिनिधि सभाको बैठकमा निर्णयार्थ पेशगर्ने कार्यसूची रहेको छ । आजै राष्ट्रियसभाको बैठक पनि बस्दैछ । संसदको संयुक्त बैठकमा प्रस्तुत आगामी आब ०८२/८३ को नेपाल सरकारको वार्षिक नीति तथा **बाँकी ८ पेजमा**

## राजावादी निर्णायक आन्दोलनको तयारीमा

काठमाडौं । राजावादीहरु निर्णायक आन्दोलनको तयारीमा जुटेको थाहाभएको छ । उनीहरुले आगामी जेठ १५ गतेबाट अनिश्चितकालीन आन्दोलनगर्ने घोषणा गरिसकेका छन् । राजसंस्था पुनर्स्थापनका लागि गठित समितिका संयोजक नवराज सुवेदीले गतसाता राजधानीमा एक पत्रकार सम्मेलनको आयोजनागरी उपरोक्त घोषणा गर्नुभएको थियो । पत्रकार सम्मेलनमा संयोजक सुवेदीले आफूहरुको आन्दोलन शान्तिपूर्ण र स्वरुप भद्र अवज्ञा र सत्याग्रह खालको हुने बताउनु भएको थियो । उहाँले आन्दोलनमा हस्तक्षेप भए आफूहरुका लागि स्वीकार्य नहुने चेतावनी पनि दिनुभएको थियो । सो घोषणासभामा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, राप्रपा नेपालका अध्यक्ष **बाँकी ८ पेजमा**

## निर्मल लामाको संझनामा कार्यक्रम

काठमाडौं । माओवादी केन्द्रले हिजो काठमाडौंमा चर्चित बामपन्थी नेता स्व. निर्मल लामाको संझनामा एक कार्यक्रमको आयोजना गरेको थियो । त्यसक्रममा सो पार्टीका अध्यक्ष पुष्पकमल दाहालले यथास्थिति भत्काउने र रुपान्तरणसहित क्रान्तिलाई समाजवादी क्रान्तिमा लैजाने काममा



अघिबढेको बताउनुभएको छ । पार्टीको केन्द्रीय कार्यालय कोटेश्वरमा आयोजित निर्मल लामा स्मृति दिवसलाई सम्बोधनगर्दै अध्यक्ष दाहालले उपरोक्त कुरा बताउनुभएको हो । उहाँले चुनौतीहरुका विरुद्ध लड्ने संकल्पसहित फेरि बिचार, मुद्धा, बर्ग र समुदायलाई केन्द्रित गरेर एकपटक यथास्थिति भत्काउने र रुपान्तरणसहित क्रान्तिलाई समाजवादी क्रान्तिमा लैजाने गतिका साथ आफूहरुले काम गरिरहेको दाबि पनि गर्नुभएको थियो । अध्यक्ष दाहालले अहिले प्रतिक्रियावादी, अवसरवादी अझ बढी आफूहरुबिरुद्ध घेराबन्दीगर्ने, भ्रमहरु छर्ने काममा **बाँकी ८ पेजमा**

## भारतीयहरुको नेपालमा दादागिरी बढ्दो

काठमाडौं । भारतीय खासगरी संस्थापन पक्षका नेताहरुको नेपालमा दादागिरी बढ्दै गएको देखिएको छ । एकपछि अर्को नेता काठमाडौं आउने र प्रधानमन्त्रिदेखि सबै पार्टीका नेताहरुलाई भेटेर नेपालको बस्तुस्थिति बुझ्ने कामहरु भैरहेका छन् । कतिसम्म भने व्यक्तिगत भ्रमणको सिलसिलामा काठमाडौं आउनु भएका भाजपाका नेता भगतसिंह कोसियारीलेसमेत राजनीतिक भेटघाट गरेर स्वदेश फर्किएको देखिएको छ । एक धार्मिक कार्यक्रममा सहभागी हुनभन्दै उहाँ गतसाता बुधबार काठमाडौं आइपुग्नु भएको थियो । तर उहाँले राजनीतिक भेटघाटलाई प्रमुखता दिएको देखिएको थियो । उहाँले प्रधानमन्त्री केपी ओली, माओवादी **बाँकी ८ पेजमा**

## राष्ट्र बैंकको गभर्नर नियुक्ति चरम बिवादमा

काठमाडौं । देशमा आर्थिक संकट बढिरहेकै बेला नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिलाई चरम बिवादमा पार्ने काम भएको छ । सरकारमा रहेका मुख्यत नेकां र एमालेबीचको तानातानले गर्दा गभर्नर नियुक्तिमा ढिलाइ भएकोभन्दै सरोकारवालाहरुबाट विरोध भइरहेको छ । संसदका पछिल्ला बैठकहरुमा पनि गभर्नर नियुक्तिको विषयमा बिभिन्न प्रश्नहरु उठेका छन् । गभर्नर बन्ने दौडमा रहनुभएका राष्ट्र बैंककै कार्यकारी निर्देशक प्रकाशकुमार श्रेष्ठ र गुणाकर भट्टले राजीनामा दिइसके पनि ती राजीनामा हालसम्म स्वीकृत हुनसकेका छैनन् । कार्यवाहक गभर्नर नीलम ढुंगाना तिम्सिनाले उहाँहरुको राजीनामा स्वीकृत नगरेपछि प्रक्रिया लम्बिएको पाइएको छ । गभर्नर चयनका लागि गठित सिफारिश समिति संयोजकमा अर्थमन्त्री विष्णु पौडेल र सदस्य महाप्रसाद अधिकारी एमाले समर्थक हुनुहुन्छ । कांग्रेसका तर्फबाट विश्व पौडेलले प्रतिनिधित्व गरिरहनुभएको छ । समितिबाट तीनजना उम्मेदवार सिफारिश हुने **बाँकी ८ पेजमा**

## कर्मचारीको तलव नबढ्ने, करमात्रै बढ्ने

काटमाडौं । आगामी जेठ १५ मा आउने आब ०८२/०८३ को बजेटमा कर्मचारीको तलव नबढ्ने तर करमात्रै बढ्ने अवस्था सिर्जना भएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। जबकी परंपरा अनुसार सरकारी कर्मचारीको तलव चालु आबमै बढाइएको हुनुपर्ने थियो । हाल सरकारीस्तरमा आगामी वर्षको कर नीतिकाबारेमा छलफल भैरहेको बताइएको छ । तथ्यांकहरुले गत पाँच वर्षदेखि राजस्वको लक्ष्य र यथार्थ संकलनका बीचमा ठूलो अन्तर देखिएकाले त्यसको अन्तर कम गराउने भनिएको छ । चालु आबमासमेत गत आबको भन्दा ३८ प्रतिशतले राजस्व बढ्ने लक्ष्य तोकिएकोमा १० प्रतिशत हाराहारीकोमात्रै वृद्धिभएको पाइएको थियो । सामान्यतः भन्सार, अन्तशुल्क

**समाचार विश्लेषण**

तथा भ्याटका विषयमा बजेट सार्वजनिकगर्ने अन्तिम रातिमात्रै निर्णय लिने प्रचलन छ । त्यसैले हाल चालु आबको अवस्था समीक्षा, कर लगाउन सकिने नयाँ क्षेत्र, कर चुहावट कसरी रोक्नेभन्ने लगायतका सवालमा अर्थ मन्त्रालयमा दिनहुँजसो छलफल चलिरहेको अधिकारीहरुको भझनाई छ । आगामी आबमा कुन क्षेत्रमा कर विस्तारगर्ने, थप्ने वा घटाउनेभन्ने सवालमा बिवादहरु रहेका छन् । जसका लागि विगतका तीनवटा प्रतिवेदनलाई आधार मान्ने तयारी गरिएको बताइन्छ । पछिल्ला तीन बर्षमा सरकारले भ्याट लगाउने क्षेत्रहरु बढाउने, अन्तशुल्क छुटहरु खारेजगर्ने लगायतका कामहरु गरेको थियो । कृषि संरक्षणको लागिभन्दै आलु प्याजमा भ्याट लगाउने, कृषि उपजको आयमा कृषि सुधार शुल्ककासाथै अग्रिम आयकर लगाउने व्यवस्था गरेको छ । त्यस्तै, गत वर्षबाट हरित कर लगाउन शुरु गरिएको छ । आब ०७९/८० बाट लक्जरी, पर्यटक र वैदेशिक रोजगारी शुल्क पनि लगाउन शुरुगरिएको छ । अब यस पटक पूर्वअर्थमन्त्री तथा पूर्वअर्थसचिव विद्याधर मल्लिकको **बाँकी ८ पेजमा**

## भारत-पाक युद्धले प्रवासी नेताली तनावमा

काठमाडौं । भारत-पाकिस्तान युद्धले प्रवासी नेतालीहरु तनावमा परेको देखिएको छ । यसैक्रममा अखिल भारत नेपाली एकता समाजले भारतस्थित नेपालीहरुलाई सचेत र सुरक्षित रहन आग्रह गरेको छ । सो संगठनका अध्यक्ष ठाकु [redacted] गर्नुभएको एक बक्त [redacted] छ-भारतको जम्मुकस्मिर राज्यको पहलगाममा भएको आतंकवादी हमलापछि विकसित घटनाक्रमलाई मध्यनजरगर्दै भारतमा रहेका नेपालीलाई सचेत र सुरक्षित रहन एवं संकटकालीन अवस्थामा सुरक्षित र आपतकालीन सेवा प्राप्त हुन सक्ने नजिकको स्थानको पहिचानगर्न तथा भारत सरकारको आधिकारिक निकायबाट जारीभएका सुरक्षासम्बन्धी निर्देशनको पालनागर्न भारतस्थित नेपाली जनसमुदायलाई अपिल गर्दछौँसाथै सामाजिक सञ्जालमा अनावश्यक पोष्टजस्तै : उत्तेजित एवं साम्प्रदायिक प्रकारका पोष्टगर्न र बहस आदि नगर्न र यात्रागर्दा परिचय खुल्ने दस्तावेज लिएरमात्र यात्रागर्न अनुरोध गर्दछौं । उक्त अपिलमा भारतमा बस्ने खासगरी सीमाक्षेत्रका प्रवासी नेपालीहरुको सुरक्षा वा सुरक्षित स्वदेश फिर्ताको वातावरण मिलाउन नेपाल सरकारसँग मागसमेत गर्दछौं । हामी पहलगामको घटनाको तीव्र शब्दमा बिरोध र भर्त्सना गर्दछौं । पहलगाम हत्याकाण्डका अपराधीलाई पत्ता लगाएर उनीहरुलाई दण्डित गरिनुपर्नेमा हामीले जोड दिन्छौं । त्यो आतंकवादी घटना हो [redacted] भारतद्वारा त्यसका [redacted] कारवाहीबाट कैयौं [redacted] बालबालिका र जनताको [redacted] छ । निर्दोष जनताको [redacted] गरिएको उक्त कारवाहीलाई न्यायसंगत मान्न सकिन्न । भारत र पाकिस्तान दुवै आणविक शक्तिसम्पन्न राष्ट्र हुन् र उनीहरुका बिचको युद्धमा आणविक अस्त्रको प्रयोग भएमा त्यसले मानव जातिलाई विनाशको बाटोमा लैजानेछ । त्यस प्रकारको परिस्थिति आउन नदिन आपसी मतभेद र विवादका विषयलाई दुबै देशले परस्परमा छलफल गरेर टुंग्याउनुपर्दछ र त्यसका लागि हामीले संयुक्त राष्ट्र **बाँकी ८ पेजमा**

## अघोषित....

बढाउन गृह मन्त्रालयले नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, अध्यागमन विभाग र दक्षिणतर्फ सीमा जोडिएका जिल्ला प्रशासन कार्यालयलभ्फाई निर्देशन पनि दिएको छ। गृहको परिपत्रपछि नेपाल प्रहरी र सशस्त्रले सीमा नाकामा सुरक्षा गस्ती र जाँच पनि बढाएका छन्। सशस्त्रका साढे दुईसय बोर्डर आउट पोष्ट (बीओपी) मार्फत सीमा सुरक्षार्थ जनशक्ति तैनाथ गराइएको छ। नेपाल प्रहरीका ६० भन्दा बढी सीमा इलाका युनिटमार्फत सीमापार अपराध रोकथाम तथा नियन्त्रणमा जनशक्ति तैनाथ गरिएको बताइएको छ। प्रधानमन्त्री केपी ओलीलाई भारत-पाकिस्तान बढ्दो तनाव र त्यसबाट नेपाललाई पर्नसक्ने असरका विषयमा चारवटै सुरक्षा निकायका अधिकारीले ब्रिफिङसमेत गरिसकेका छन्। त्यसअघि केन्द्रीय सुरक्षा समिति बैठकमा घटनाक्रमबारे समीक्षासमेत गरिएको थियो। भारत र पाकिस्तानबीचको तनावकाबीच गत शुक्रबार साँझदेखि पाकिस्तानले भारतको जम्मु कश्मिर र पञ्जाब क्षेत्रमा पुनः गोलाबारी गरेको छ। बीबीसी नेपाली सेवाकाअनुसार गत शुक्रबार साँझदेखि जम्मू, साम्बा, पठानकोट सेक्टरमा पाकिस्तानी ड्रोनहरु देखिएका छन्। उक्त क्षेत्रमा ब्ल्याकआउट भएको छ र निरन्तर साइरनको आवान सुनिन थालेको छ। नेपालमा भारतीय संस्थापन पक्षका नेता र गुप्तचर अधिकारीहरुको चलखेल बढेको छ। परराष्ट्र मन्त्रालयले एक विज्ञप्ति प्रकाशितगरी आतंकवाद विरुद्धको लडाइँमा नेपाल सबैको साथमा उभिएको जनाएको छ। बक्तब्यमा छिमेकी देशहरुविरुद्ध आफ्नो भूमि प्रयोगगर्न नदिनेसमेत सरकारले प्रतिबद्धता जनाएको छ। नेपालका बिभिन्न पार्टीले भारतको पक्षमा धमाधम बक्तब्य बाजीगर्न थालेका छन्।

## एमालेद्वारा.

कार्यक्रममाथिको छलफल प्रतिनिधि सभामा प्रायः सकिएको छ। नीति तथा कार्यक्रममाथि प्रतिनिधि सभामा गत शुक्रबार भएको छलफलमा सत्तापक्षका सांसदले समर्थन र विपक्षी सांसदले आलोचना गर्नुभएको थियो। सत्ता साझेदार दलका सांसदले प्रस्तुत नीति तथा कार्यक्रमले जनतामा आशा जगाएको, विकासको ढाँचा र संस्कृति बदल्ने संकल्प लिएको, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आक्यांक्षा हाशिलगर्ने दिशातर्फ उन्मुख रहेको बताउनुभएको थियो। प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रसहितका विपक्षी दलका सांसदहरुले नीति कार्यक्रमले जनअपेक्षा सम्बोधनगर्न नसक्ने आरोप लगाउनुभएको थियो। कथंकदाचित आज सरकारको नीति तथा कार्यक्रम पारित हुननसकेको खण्डमा प्रधानमन्त्रिले पदबाट राजीनामा दिनुपर्ने हुन्छ। कतिपय राजनीतिक शक्तिहरुले उपरोक्त अवस्था सिर्जना गराउने प्रयास गरिरहेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ।

## भारतीय.

केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र गृहमन्त्री रमेश लेखक लगायतसँग भेटघाटगरी नेपालको आन्तरिक राजनीतिकासाथै भारत-पाकिस्तानबीच उत्पन्न द्वन्दका बिषयमा छलफल गरेको देखिएको थियो। उहाँ हिजो शनिबारमात्र स्वदेश फर्कनु भएको हो। त्यसअघि काठमाडौं आउनु भएका भाजपाका विदेश विभाग प्रमुख डा.विजय चौथाइवालेले पनि भारत-पाकिस्तानबीच जारी द्वन्दकाबारेमा छलफलगर्ने बहानामा प्रधानमन्त्रि लगायतका उच्च पदस्थ ब्यक्तित्व र बिभिन्न पार्टीका शीर्ष नेताहरुसँग नेपालको आन्तरिक राजनीतिकाबारेमा कुरा बुझेको देखिएको थियो। कोशियारी नेपाल भ्रमणमा रहेकै समयमा नेपालको सरकारले भारतको पक्षमा उभिएको सन्देश दिएको थियो। परराष्ट्र मन्त्रालयले गत बिहीबार एक विज्ञप्ति जारीगरी भारतीय पक्षधरता देखाएको हो। अधिकांश मधेसवादी दलहरुले भारतको पक्षमा बक्तब्यबाजी गरेका छन्। गत शुक्रबार बसेको नेपाली कांग्रेसको पदाधिकारी बैठकले पनि भारतकै पक्षधरता लिने निर्णय गरेको भनिएको थियो। राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीलेमात्र गत शुक्रबार विज्ञप्ति जारीगरी भारतले पाकिस्तानमाथि गरेको आक्रमणको विरोध गर्नुभएको थियो। नेपालका नेताहरुलेभने भारतमा चाहेअनुसारको भेट पाउने गरेका छैनन्।

## राजावादी....

कमल थापा र केशरबाहादुर बिष्टलगायतको उपस्थिति रहेको थियो। उनीहरुले तीन सूत्रीय माग पनि अगाडि सारेका छन्। जसमा सबै बिचारधारा र शक्ति अटाउने संवैधानिक राजसंस्थासहितको प्रजातन्त्रको स्थापना, सर्वधर्म, समभाव, पूर्णधर्मिक स्वतन्त्रतासहितको सनातन हिन्दू राष्ट्रको स्थापना र केन्द्रमा एउटा बलियो सरकार र स्थानीय तहमा शक्ति हस्तान्तरणको मान्यताअनुरुप अहिलेकोभन्दा बढी अधिकारसम्पन्न स्थानीय सरकार स्थापनागरी दुई तहको सरकारभन्ने रहेका छन्। आन्दोलन घोषणा गर्दागर्दै संयोजक सुवेदीले राजनीतिक दलहरुसँग सहमति र समझदारीको अपेक्षा पनि गर्नुभएको थियो। अर्कातिर तीनकुने घटनामा पक्राउ परेका राप्रपाका वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्रसहित २५ जनामाथि जिल्ला अदालत काठमाडौंबाट फेरी पाँचदिनको म्याद थपभएको छ। उनीहरु बिरुद्ध राज्यविरुद्धको कसुर, संगठित अपराध र आपराधिक उपद्रव कसुरमा अनुसन्धान भइरहेको बताइन्छ। अनुसन्धान भइरहेका २७ जनामाथिभने सात दिनको म्याद थपिएको छ। हाल जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा ५२ जना रहेका छन्। राज्यविरुद्धको कसुरमा दुईजना हाजिर जमानीमा छुटेका छन्। अवाञ्छित गतिविधि गरेको आरोपमा गतसाता सोमबार पक्राउ पर्नुभएका खेमराज सेढाईंलाई रिहा गरिएको छ। त्यसैगरी मेडिकल व्यवसायी तथा राजावादी अभियानमा संलग्न दुर्गा प्रसाईँसँग बैंकिङ कसुरसम्बन्धी मुद्धामा बयान लिन शुरुगरिएको छ। प्रमाणको अभावमा उहाँ पनि रिहाहुने प्रबल संभावना रहेको बताइन्छ।

## राष्ट्र....

र उनीहरुबाट एकजनालाई मन्त्रिपरिषद् बैठकले अन्तिम निर्णय गरेर नियुक्तगर्ने प्रावधान रहेको छ। तर समितिनै हालसम्म सिफारिशको टुंगोमा पुग्न सकेको छैन। यसअघि सिफारिश समितिमा रहनुभएका पूर्वगभर्नर विजयनाथ भट्टराई बाहिरिएपछि महाप्रसाद अधिकारीलाई समितिमा समावेश गरिएको थियो। नेपाली कांग्रेसतर्फबाट गुणाकर भट्ट र ज्ञानेन्द्र ढुंगानाको नाम छलफलमा रहेको छ। एमालेको पक्षबाट तिम्सिना र बैकल्पिकरुपमा प्रकाशकुमार श्रेष्ठको चर्चा छ। राष्ट्रबैंक ऐनअनुसार गभर्नरको कार्यकाल सकिनुभन्दा कम्तीमा एक महिनाअगावै नयाँ गभर्नरको नियुक्ति गरिसक्केको हुनुपर्ने थियो।

## एमालेमा....

पार्टीभित्र महासेठ समूह र मण्डल,अरगरिया र झा समूहबीच गुटगत प्रतिस्पर्धा देखिएको जानकारहरुको भनाई छ। त्यसैगरी आन्तरिक बिवाद बढेपछि एमालेको कोशी प्रदेश समितिले ताप्लेजुङका पूर्वअध्यक्ष बलबहादुर साम्सोहाङलाई कारवाही गरेको छ। कोशी प्रदेशका पूर्वमन्त्रीसमेत रहनुभएका साम्सोहाङ र युवा नेता मणिशंकर पोमुलाई पार्टीले कारवाही गरेको हो। पार्टीको अनुशासन उल्लंघन गरेकोभन्दै प्रदेश कमिटीको बैठकले पूर्वमन्त्री साम्सोहाङ र हाल एमाले कोशी प्रदेश पर्यटन विभाग सचिव रहनुभएका पोमुलाई कारवाही गरेपछि बिवाद बढेरगएको छ। गत १८ गते राष्ट्रिय युवा संघको ताप्लेजुङको अधिवेशनबाट संस्थापन पक्षले एकलौटी ढंगले जिल्ला कमिटी गठन गरेकोभन्दै साम्सोहाङ पक्षले विरोध गर्नुभएको थियो। सोही विरोध गरेको कारण उहाँहरु कारवाहीमा पर्नुभएको बताइन्छ। त्यसअघि मोरङमा पनि यस्तै खालको बिवाद देखिएको थियो। कतिपयले एमालेमा देशैभर अध्यक्ष केपी ओली पक्षधर र बिरोधीका बीचमा फाटो बढ्दै गएको बताएका छन्।

## सरकार....

पदाधिकारी सिफारिसका लागि गठन गरेको समितिले प्राप्त आवेदकमध्येबाट संक्षिप्त सूची प्रकाशन गरिसकेपनि त्यसको कार्यान्वयन गर्न/गराउन सकेको छैन। द्वन्द पीडितसँगको छलफलकाक्रममा प्रधानमन्त्रि ओलीले राजनीतिक असमझदारीका कारणले सो प्रक्रिया लामो समय लिएको बताउँदै बलात्कारजस्ता मानवता विरुद्धको जघन्य अपराधगर्नेलाई कानूनी कठघरामा उभ्याएर सजाय दिएरै छाड्ने तथा पीडितलाई न्याय दिलाउने उद्घोष पनि गर्नुभएको थियो। त्यसलगत्तै प्रम ओलीले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई सिंहदरबारमा बोलाएर छलफल गर्नुभएको थियो। नेकां, एमाले र माओवादी केन्द्रको सहमतिमा बनाइएको संक्रमणकालीन न्याय सम्बन्धी ऐन अन्तराष्ट्रिय कानून, राष्ट्र संघको निर्देशन र नेपालको सर्बोच्च अदालतको नजिर तथा आदेशको बिपरित रहेको भन्ने आवाज पनि उठेको छ।

## अख्तियार.

जग्गा हिनामिना प्रकरणमा जोगिनु भएको थियो। अख्तियारले पतञ्जली योगपीठ अनियमितता प्रकरणमा तत्कालीन प्रधानमन्त्री नेपालले भूमिसुधार मन्त्रालयका अधिकारीलाई मौखिक आदेशदिँदै कागजपत्र फटाफट बनाउन र सोसम्बन्धी टिप्पणी र प्रस्ताव मन्त्रिपरिषदमा लगेर फटाफट निर्णय गराउन ठूलो भूमिका खेलेको यथेष्ट प्रमाण फेलापारेको बताइएको छ। ०६६ सालको माघमा नेपाल नेतृत्वको तत्कालीन मन्त्रिपरिषद्ले बनेपामा पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनीका नाममा ८१५ रोपनी जग्गा किन्न अनुमति दिएको थियो। त्यसको अढाइ महिनाभित्रै जग्गा बेच्न पनि अनुमति दिएपछि ३५३ रोपनी बेचिएको थियो। यसरी आयुर्वेद फार्म चलाउनेभनेर हदबन्दी छुटमा किनिएको जग्गा डोजर लगाएर धमाधम प्लटिङगर्ने र बिक्रीवितरणगर्ने योजना बनेपछि त्यस सम्बन्धमा अख्तियारले छानबिन थालेको थियो। उक्त छानविनलगत्तै नेता नेपाललाई मुटुसम्बन्धी समस्या देखिएको थियो।

## निर्मल....

लागेको आरोप पनि लगाउनु भएको थियो। उहाँले प्रत्येक पार्टी र नेताहरुका पनि सीमा हुन्छन्। कमजोरी पनि हुन्छन्। महान् लेनिनले भनेझैं सीमा र कमजोरी नभएको मान्छे अहिलेसम्म जन्मिएको छैन। कुनै पार्टी पनि जन्मिएको छैन। जन्मिदा पनि जन्मिँदैन। सही नेताले नै कमजोरी सकेसम्म नगर्न बल गर्दछ, भए सच्याउँछ। त्यसलाई नै इतिहासले महान् भन्छ। त्यसलाईनै जनताले आदर्शकारुपमा हेर्दछन्। अहिले देशमा जस्तो परिस्थिति छ, हामी फेरि कम्युनिष्ट आन्दोलनलाई क्रान्तिकारी आदर्श र निष्ठातिरनै अगाडि लैजाने धेरै चुनौतीहरु हाम्रो अगाडि यति बेला छन्। हामी ती चुनौतीका विरुद्ध लड्ने सङ्कल्पसहित हामी फेरि बिचारलाई, मुद्धा, बर्ग, समुदायलाई केन्द्रित गरेर एकपटक यथास्थिति भत्काउने र रुपान्तरण सहित क्रान्तिलाई समाजवादी क्रान्तिमा लैजान खोजेका छौँ भन्नुभएको थियो। लामाको ०५७ बैशाख २७ गते क्यान्सर रोगबाट निधन भएको थियो।

## भारत...

संघलगायत अन्तर्राष्ट्रिय संघ संस्थाकोसमेत ध्यानाकर्षित गर्नचाहन्छौं भनिएको छ। त्यसैगरी नेपालको परराष्ट्र मन्त्रालयले पाकिस्तानमा अध्ययनरत नेपाली विद्यार्थीसँग निरन्तर सम्पर्कमा रहेको जनाएको छ। मन्त्रालयले एक विज्ञप्तिमार्फत हालै विकसित घटनाक्रमका सन्दर्भमा नेपालीको सुरक्षा र हित सुनिश्चितगर्न सरकार पूर्णरुपमा सचेत रहेको भनेको छ। पाकिस्तानस्थित नेपाली दूतावासले त्यहाँ रहेका बिद्यार्थी र नेपालीसँग निरन्तर सम्पर्कमा रही काम गरिरहेको उल्लेख गरेको छ।

## कर्मचारीको....

संयोजकत्वमा बनेको उच्चस्तरीय समितिले तयगरेको कर सुधार सम्बन्धी प्रतिवेदन, पूर्व अर्थसचिव रामेश्वर खनाल नेतृत्वमा तयार गरिएको आर्थिक सुधारसम्बन्धी प्रतिवेदन र आन्तरिक राजस्व परिचालनसम्बन्धी सरकारले तयार गरेको पाँचबर्षे रणनीतिका आधारमा करका हेरफेर तथा विस्तारगर्न लागिएको भनिएको छ। जसलेगर्दा करको भार बढ्न सक्ने जानकारहरुले बताएका छन्।

## भारत...

प्रहरी नायब महानिरीक्षक कालीदास धौबजीले सीमा क्षेत्रमा तैनाथ भएका सशस्त्र प्रहरी बललाई उच्च सुरक्षा सतर्कतामा राखिएको बताउनु भएको थियो। उहाँले सीमा नाकामा कड्याइ गरिएको छ। मानिसहरुको परिचयपत्र हेर्ने र अभिलेख राखेर सीमामा ओहोरदोहोर गराउने काम भइरहेको छ। हामीले उतातिरको हाम्रो सहकर्मीसँगको समन्वय र गस्ती बढाएका छौं भन्नुभएको थियो। त्यसैगरी राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख देवीराम शर्मा सीमा नाकामा परिचयपत्र जाँच्ने र आवतजावतको अभिलेख राख्ने कामलाई नियमित अभ्यास बनाउन सके त्यसबाट सीमा सुरक्षामा थप बल मिल्ने बताउनु भएको थियो।

**अमेरिकी चासो :** अमेरिकाले भारत र पाकिस्तानबीच जारी युद्धलाई रोक्न आग्रह गरेको छ। अमेरिकी विदेश मन्त्रालयले दुवै देशले एक अर्कामाथि आक्रमणगर्न बन्द गर्नुपर्ने जनाएको छ। युद्धले कुनै समाधान ननिम्त्याउने अमेरिकाले स्पष्ट पारेको छ। अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता ट्यामी ब्रुसले एक पत्रकार सम्मेलनमा अमेरिकाको सन्देश हिंसा, सैन्य कारबाही र युद्ध बन्द हुनुपर्छभन्ने हो। युद्धबाट कुनै पनि समाधान निस्कँदैन भन्नेकुरा मध्यपूर्वबाट प्रमाणित भइसकेको बताउनु भएको थियो। त्यस्तै ब्रुसले भारत र पाकिस्तान बीचको तनावमा कुनैपनि प्रकारको मध्यस्थताको प्रशंग खुलाउनु भएन। पत्रकारहरुले उहाँलाई भारत-पाकिस्तानबीच मध्यस्थता सम्बन्धी प्रश्न पनि सोधेका थिए। तर उहाँले भारत-पाकिस्तानबीच कुनैपनि प्रकारको मध्यस्थताको पुष्टिनगरेको र अस्वीकार पनि नगरेको बीबीसी नेपाली सेवाले जनाएको थियो। तर उहाँले अमेरिकी विदेशमन्त्री मार्को रुबियोले भारतीय विदेशमन्त्री एस जयशंकर र पाकिस्तानी प्रधानमन्त्री शाहबाज शरीफसँग फोनमा कुराकानी गरेको बताउनु भएको थियो। त्यस क्रममा रुबियोले दुवै देशका नेताहरुलाई तनाव कमगर्न र हिंसा रोक्न आग्रह गरेका थिए। भारत र पाकिस्तानबीच चलिरहेको युद्धमा अमेरिकी हस्तक्षपको बारेमा सोधिएको प्रशनमा उहाँले सम्बन्धित देशका नेताहरु कूटनीतिक वा कुनैपनि स्तरमा कुरा गरिरहेको अवस्थामा हामी यसको जानकारी साझा गर्दैनौं। यो हाम्रो नीति हो भन्नुभएको थियो। उहाँले नेताहरुले व्यक्तिगतस्तरमा कुरा गरिरहेका र सबै कुराको विवरण मिडियामाझ साझागर्नु महत्वपूर्ण नहुने बताउनु भएको थियो।

**नेपालका दल बिभाजित :** भारत पाकिस्तान युद्धको बिषयलाई लिएर नेपालका दलहरु बिभाजित भएका छन्। एमालेको परराष्ट्र मामिला विभागका प्रमुखसमेत रहनु भएका पूर्वपरराष्ट्रमन्त्री रघुवीर महासेठले पाकिस्तानमाथि आक्रमणगर्ने भारतीय कदमको समर्थन गर्न नसकिने बताउनु भएको छ। उहाँले भारत-पाकिस्तान द्वन्द दक्षिण एशियामात्र नभई दक्षिण पूर्वी एशियाको निम्ति पनि नराम्रो अवस्था हुने बताउनु भएको छ। अर्कातिर नेपाल समाजवादी पार्टी (नेसपा) ले पाकिस्तान प्रशासित कश्मीरमा भारतले शुरुगरेको अपरेसन सिन्दूरअन्तर्गत जवाफी हमलाको समर्थन गरेको छ। नेकपा (मसाल) लेभने आपसी छलफलद्वारा कश्मिर समस्या समाधानगर्न आग्रह गरेको छ। महामन्त्री मोहनविक्रम सिंहले जारी गर्नुभएको बक्तब्यमा भनिएको छ- भारतद्वारा पाकिस्तानका बिभिन्न स्थानमा सैनिक आक्रमण गरिएको छ। त्यसबाट कुन प्रकारको स्थिति उत्पन्न हुनेछ र युद्धले कुन प्रकारको रुप लिनेछ ? त्यो कुरा सम्भवतः आउने दिनमानै थाहा हुनेछ। जे होस्, भारत र पाकिस्तानका बीचमा युद्ध हुन्छभने त्यसले ती दुवै देशलाई ठूलो क्षति पुऱ्याउनुकासाथै पूरै दक्षिण एशियामा पनि त्यसले असर पार्नेछ र त्यसको विश्वभरमा नै प्रभाव पर्नेछ। भारत र पाकिस्तान दुबै आणविक शक्तिसम्पन्न राष्ट्र हुन्। त्यो युद्धको क्रममा अणुबमको पनि प्रयोग भयोभने त्यसबाट ठूलो क्षति पुग्नेछ। त्यसकारण हामीले यो कुरामा जोड दिन्छौं कि उनीहरुका आपसी मतभेद वा समस्यालाई परस्परमा छलफल गरेर टुंग्याउनका लागि कोशिसगर्दै युद्धलाई रोक्न दुबै देशले ध्यान दिनुपर्ने आवश्यकतामा हामीले जोड दिन्छौं। त्यसका लागि हामीले संयुक्त राष्ट्र संघ र बिभिन्न अन्तर्राष्ट्रिय संस्थाको पनि ध्यान आकर्षित गर्न चाहन्छौं। बक्तब्यको अन्त्यमा पहलगामको हत्याकाण्डपछि सम्बन्धित अपराधीलाई पत्ता लगाएर उनीहरुलाई आवश्यक दण्डसजायगर्न नै सही र न्यायोचित कार्य हुन्थ्यो तर त्यसको नाममा कुनै देशमाथि आक्रमणगर्नु र त्यसरी युद्धको स्थिति तयारपार्नुअवश्य पनि सही कुरा होइन भनिएको छ। नेपाली कांग्रेस लगायतका अन्य पार्टीले पनि वार्ताका माध्यमबाट समस्याको समाधानगर्न जोड दिएका छन्। समग्रमा भारत-पाकिस्तान युद्धले नेपाललाई अनाबश्यक झमेलामा फसाएको देखिएको छ।

## डेंगुको संक्रमण बढ्यो

काठमाडौं। गर्मीसँगै डेंगुको संक्रमणको जोखिम पनि बढेको जानकारहरुले बताएका छन्। यसैक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले नेपालमा फेरी डेंगीको संक्रमणको जोखिम देखिएकोभन्दै सतर्क रहन सबैमा आग्रह गर्नुभएको छ। उहाँले हालै समाचारदाताहरुसँग कुरागर्दै उपरोक्त प्रशंग उठाउनु भएको हो। उहाँकाअनुसार पानी जम्माहुँदा त्यसमा डेंगी सार्ने लामखुट्टेको विकास हुनेगर्दछ। जसका लागि १५ देखि २० दिन लाग्छ। त्यसैले अबको १५ देखि २० दिन डेंगी संक्रमण हुने खतरा रहेको छ। पानी जम्ने ठाउँमा एडिज एजिप्टी र एडिस एल्बोपिक्टस प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएपछि मानिसलाई टोकेर डेंगी रोग लाग्ने गर्दछ। शाखा प्रमुख डा दाहालले गतबर्ष धेरै डेंगी संक्रमण भएका ३५ स्थानीय तहमा संक्रमण रोकथाम र नियन्त्रणगर्न पत्राचार गरिसकिएको बताउनुभएको छ। गतबर्ष कार्तिकसम्म नै डेंगुको संक्रमण र प्रभाव देखिएको थियो।


## हावाहुरीबाट जोगिने उपाय

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं,
- छानालाई चोया, तार, काठ, हुकलगायतका सामग्रीको प्रयोग गरेर बलियो पारौं,
- जस्तापातालगायतका सामग्रीहरु खुला र जथाभावी नराखौं,
- हावाहुरी चलेको बेला भागदौड नगरौं,
- सवारी साधन चलाएको बखत हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं,
- पैदल यात्रामा रहेको समयमा हावाहुरी चलेमा र ओत नभेटेमा थुचुक्क बसेर दुबै हातले टाउको छोपी घोप्टो परौं।

**हावाहुरी रोक्न सकिदैन तर पूर्व तयारी गर्दा हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

देशप्रेम
DESHPREM National Weekly



डा.केशव देवकोटा
प्रधान सम्पादक
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–३१ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

सम्पादकीय

# सरकारको नीति तथा कार्यक्रमले गरेका पछिल्ला संकेतहरुबारे

**सरकारको नयाँ नीति तथा कार्यक्रममाथि संसदमा जारी छलफल प्रायः सकिएको छ। संभवत आज सरकार प्रमुखबाट उत्तर प्राप्त भएपछि प्रक्रिया अगाडि बढ्ने छ। बर्तमान सरकार गठन भएपछिको यो पहिलो नयाँ नीति तथा कार्यक्रम भएकाले यसमार्फत सरकार कता जान लागेको छ भन्नेसमेत मूल्यांकनहरु भैरहेका छन्। नेपाली कांग्रेस र एमालेजस्ता दुई ठूला र पुराना संसदवादी पार्टी सहितको सरकार भएका कारण यसलाई ०७२ पछिका सरकारमध्ये सबैभन्दा शक्तिशाली पनि मान्ने गरिएको छ। त्यसैले यो सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेटलगायतका सरकारी नीति तथा कार्यक्रमहरु तुलनात्मकरुपमा बढी प्रभावकारी र लोकप्रिय हुनुपर्छ भन्ने मान्यता पनि राखिन्छ। तर कस्तो भैदियोभने संसदमा भएका छलफलहरुलाई हेर्दा सरकारको यो नीति तथा कार्यक्रम तुलनात्मक रुपमा फितलो र कमजोर रहेको मूल्यांकन भएको देखिएको छ। कतिपयले त यसलाई कामचलाउ नीति तथा कार्यक्रमकारुपमा समेत ब्याख्या र बिश्लेषणगर्ने प्रयास गरेको पाइएको छ। खासगरी बर्तमान सरकारको प्रमुख घटक नेपाली कांग्रेसको राजनीतिक बृत्तबाटै धेरै असनतुष्टिहरु ब्यक्त भए। कतिपयले त यो नीति तथा कार्यक्रम दुईदलीय उच्चस्तरीय राजनीतिक संयन्त्रमा छलफलसमेत नभएको भन्दै उक्त संयन्त्रको औचित्यमाथि समेत प्रश्न उठाएको देखिएको छ।**

**जसलेगर्दा यो नीति तथा कार्यक्रमलाई थप अबिश्वसनीय बनाउने काम गरेको छ। त्यसरी नेकां र एमालेकाबीचमा समेत सहमति कायम हुननसकेको सरकारको नीति तथा कार्यक्रमले भाबि दिनमा अन्य पक्षहरुलाई पनि बिश्वासमा लिएर कसरी कामगर्न सक्छ ? भन्ने प्रश्नहरु उठेका छन्। सरकारले संसदमा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा अर्थतन्त्रलाई चलायमानगर्ने कुनैपनि विषय समावेश नभएकोभन्ने लगायतका टिकाटिप्पणीहरु पनि भैरहेका छन्। दशकौंदेखि सरकारको बार्षिक नीति तथा कार्यक्रममा समावेश गरिँदैआएका तर कार्यान्वयन नगरिएका नीतिहरुको पुनरावृत्ति भएकोभन्ने जुन कुराहरु उठे, त्यसले यो नीति तथा कार्यक्रमलाई थप अबिश्वसनीय बनाउने काम गरेको देखिएको छ। बार्षिक नीति तथा कार्यक्रम ल्याउँदा सरकारका प्राथमिकताका क्षेत्र छुट्याउने गरेको, प्राथमिकता क्षेत्रको स्पष्ट खाका ल्याउने गरिएपनि यसपटक कुनै प्राथमिकताको क्षेत्र नतोकिएको भन्ने जुन कुराहरु उठेका छन्, त्यसतर्फ सरकारको गंभिर ध्यानाकर्षण हुन सक्नुपर्ने देखिएको छ। नीति तथा कार्यक्रमको लक्ष्य र गन्तव्यनै स्पष्ट नहुनु भनेको कम गंभिर कुरा होइन। भूमिमाथि सामन्ती स्वामित्व कायम राखेर, निजीकरण, उदारीकरणमा जोड दिएर समाजवादोन्मुख अर्थतन्त्रको निर्माण हुन सक्दैनभन्ने स्पष्ट छ। समाजवादोन्मुख अर्थतन्त्रको निर्माणका लागि सामन्ती भूस्वामित्वको अन्त्य भएकै हुनुपर्छ। तर सरकारको नीति र कार्यक्रमले त्यसतर्फ खासै ध्यान दिएको देखिएको छैन। त्यसैगरी प्रवासी नेपालीहरुको मताधिकारको प्रत्याभूति, उपभोक्तासम्बन्धी हक अधिकारको संरक्षण, कालोबजारी, कृत्रिम अभावका विरुद्ध कडा कदम चाल्नुपर्ने हालको अवस्थामा सरकारको नीति तथा कार्यक्रम मौन रहेको धेरैले मूल्यांकन गर्नेगरेका छन्। के भनिँदैछ भने नेकां र एमालेजस्ता ठूला र अनुभवी पार्टीहरुले ल्याएको नीति तथा कार्यक्रममा पहिलो त धेरै कुराहरु यसअघिको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले ल्याएको नीति तथा कार्यक्रमसँग हुबहु मिलेका छन्। जसमा नयाँपन कम छ। दोश्रो यो नीति तथा कार्यक्रम आफैमा अन्योलपूर्ण रहेको छ। तेश्रो कुरा संयुक्त सरकारको दस्ताबेजकारुपमा आएको यो नीति तथा कार्यक्रममासमेत एमालेले आफ्नोपन झल्काउन खोजेको पाइएको छ। जसप्रति अन्य दलहरुको असन्तुष्टि रहेको देखिन्छ। सामान्यत कुनैपनि सरकारले ल्याएको नीति तथा कार्यक्रम परिवर्तन/परमार्जन नगर्ने प्रचलन छ। तर यसपटक बर्तमान सरकारले आफ्नो नीति तथा कार्यक्रममा हेरफेर गरेर नयाँपन दिनु अनिवार्यजस्तै भएको छ। त्यसैले फेरी सत्तारुढ दलहरुकाबीचमा छलफल चलाएर यस पटकको नीति तथा कार्यक्रमलाई नविनता दिन सकेको खण्डमा बढी उपयुक्त हुने देखिएको छ।**

# भड्किएको भारत-पाकिस्तान युद्ध र नेपालमा बढेको दबाव

**देश/परिवेश** डा. केशव देवकोटा

भारत र पाकिस्तानका बीचमा गतसाताबाट अनपेक्षित ढंगले युद्ध भड्किएको छ। अनपेक्षित यसमानेमा कि गत बैशाख नौ(अप्रिल २२) मा काश्मिरको पहलगाममा भएको आतंकवादी हमला आफैमा रहस्यपूर्ण रहेको छ। जसकाबारेमा भारतले पाकिस्तानलाई आरोप लगाएको छभने पाकिस्तानले सो आरोपलाई स्वीकार गरिरहेको छैन। जसको मतलव पाकिस्तान पनि उक्त आतंकवादी हमलाको बिपक्षमा रहेको छभन्ने हो। यस्तो अवस्थामा भारत र पाकिस्तान दुबै मिलेर आआफ्नो देशमा सो घटनाको छानविन थाल्नु पर्दथ्यो। त्यसो गरेको भए खास आक्रमणकारी पनि पत्तालाग्ने थिएभने सीमा जोडिएका उक्त दुई देश हतियारबन्द युद्धमा होमिनुपर्ने अवस्था पनि आउने थिएन। पहलगाममा भएको घटना आफैमा सन्देहास्पद रहेको छ। किनकी सो घटनाको सामान्य छानविन र वार्ताको पहलसमेत नगरी भोलिपल्टै भारतले सिन्धुल जलसम्झौता निलम्बनगर्ने निर्णय गरेको थियोभने जबाफमा पाकिस्तानले पनि सिमला सम्झौता निलम्बनगर्ने निर्णय गरेको थियो। दुवै देशले एकअर्काका कुटनीतिक अधिकारीहरुलाई तत्काल फिर्ता बोलाएका थिए। एकअर्काको आकाशमा उडानसमेत प्रतिबन्ध लगाएका थिए। भारतले पाकिस्तानबाट हुने आयातमा पूर्णरुपमा प्रतिबन्ध लगाएको छ।

पानी समेत बन्द गरेर मानवता बिरोधी गतिबिधिहरु थालिएका छन्। कतिसम्मभने भारतले पाकिस्तानसँग हुलाकबाट हुने चिठीको आदान-प्रदानमासमेत रोकलगाएको छ। कश्मिरको पहलगाममा झण्डै आधाघण्टा हमला भइरहेको अवस्थामा त्यहाँ कुनै पुलिस वा सैनिकको उपस्थिति थिएन। जबकी भारतको केन्द्रीय रिजर्भ पुलिस बल (सीआरपीएफ)को शिविर उक्त हमला भएको भनिएको स्थानबाट सात किलोमिटर मात्र पर थियो। त्यसैगरी सेनाको राष्ट्रिय राइफल्स (आरआर)को शिविर पाँच किलोमिटर पर थियो। तर उनीहरु तत्काल परिचालित भएनन्। जम्मु-कश्मीरमा भारतले कडा सुरक्षा प्रबन्ध गरेको भनिएको अवस्थामा त्यसदिन पहलगामको उक्त पर्यटनस्थल बैसरनमा सुरक्षा तैनाथी किन थिएन ? भन्ने प्रश्न पनि उठेको छ। भारत र पाकिस्तानकाबीचमा तनाव शुरु भएलगत्तै विश्वका बिभिन्न मुलुहरु बिभाजित भएका छन्। जुन युद्धले दक्षिण एशियालाई त प्रभावित गरेकै छ, त्यसकासाथै विश्व युद्ध हुनसक्ने संकेतहरु पनि देखिएका छन्। भन्दा तीन साताअघि पहलगाममा भएको आतंकवादी हमलालाई कारण जनाइए पनि पछिल्ला घटनाक्रमहरुले भने बिभिन्न किसिमका संकेतहरु गरेका छन्। उक्त युद्धमा अमेरिकाको भूमीका सन्देहास्पद रहेको छ। त्यसैगरी भारतको भूमिका पनि सन्देहगर्न लायक छ। किनकी भारतको नेपाल र बंगलादेशसँगको सम्बन्ध पेचिलो बन्दैगएको देखिएको थियो। प्रधान मन्त्रीकारुपमा आफ्नो पहिलो भ्रमणकाक्रममा सन् २०१४ को अगष्टमा नेपाल, २०१५ को मार्चमा श्रीलंका तथा २०१५ को जूनमा बंगलादेशको भ्रमणकाक्रममा ती देशमा भारतीय प्रधानमन्त्रि नरेन्द्र मोदीको जुनस्तरमा स्वागत गरिएको थियो, पछिल्ला दिनहरुमा प्रायः छिमेकी देशहरुमा मोदी सरकारप्रतिको धारणा राम्रो बन्न सकेको थिएन।

हरेक संकटको समयमा भारतले श्रीलंकालाई थप संकटमा पार्ने काम गर्दैआएको देखिएको छ। नेपालमा ०७२ को संविधान लागूगर्ने बेलामा भारतले नेपालमा नाकाबन्दी लगाएको थियो। नेपालको बिद्यमान सरकारको रहेका एमालेका अध्यक्ष केपी ओलीलाई पनि भारतले नरुचाएका चर्चाहरु भैरहेका छन्। त्यसैगरी माल्दिभ्ससँग पनि भारतको राम्रो सम्बन्ध देखिन सकेको छैन। गत निर्वाचनमा भारत समर्थक सरकारलाई सत्ताबाट हटाएर राष्ट्रपतिको कुर्सीमा बसेका मोहम्मद मोइज्जूले माल्दिभ्समा रहेका भारतीय सैनिकलाई तुरुन्तै हट्न आदेश दिएको घटनाले उपरोक्त कुराको पुष्टि गर्दछ। त्यतिबेला उहाँको पार्टीकातर्फबाट चलाइएको इण्डिया आउट अभियानलाई ठूलो समर्थन प्राप्तभएको थियो। माल्दिभ्सका राष्ट्रपति चीनतर्फ ढल्किएको आरोप लाग्नेगरेको छ। भुटान सामरिक, विदेशी तथा आर्थिक लगायतका सबैजसो मामिलामा भारतमाथि निर्भर रहेकोभन्ने गरिएपनि उसले आफ्नै सामर्थ्यमा चीनसँगसमेत सम्बन्ध विकास गरेको देखिएको छ। भारतको चीनसँगको सम्बन्ध जहिले पनि उतार चढावमा रहने गरेको छ। भारतको अफगानिस्तान र म्यानमारसँगको सम्बन्ध पनि खासै राम्रो देखिएको छैन। यस्तो अवस्थामा भारतले पाकिस्तानसँग थालेको युद्धले नेपाललगायतका अन्य सबै छिमेकी मुलुकहरुमा दबाव बढाएको छ। अमेरिकाले भारत र पाकिस्तान दुबैसँग आफ्नो राम्रो सम्बन्ध रहेको बताउँदै दुबैलाई शान्तिपूर्ण तवरले समस्याको समाधानगर्न भनिसकेको छ। चीनले पनि भारतलाई शान्तिपूर्णरुपमा समस्याको समाधान गर्न/गराउन जोड दिएको देखिएको छ। गत अप्रिल २२ मा काश्मिरमा भएको घटना लगत्तै भारतीय प्रधानमन्त्रिले नेपालका प्रधानमन्त्रिलाई टेलिफोन गरेर सहयोग मागेको भनिएको थियो। नेपालले पनि पहलगाममा भएको घटनाको निन्दागर्दै भारतलाई आतंकवाद बिरोधी अभियानमा सहयोग गर्ने बचन दिएको थियो। नभन्दै भारतीय सीमामा सुरक्षा ब्यवस्था कडा पारिएको छ। गतसाता बुधबार भारत र पाकिस्तानका बीचमा युद्ध भड्किए लगत्तै नेपालमा सुरक्षा समितिको आकस्मिक बैठक बसेको थियो। बैठकले उच्च सतर्कता अपनाउने निर्णय गरेको छ। बैठक लगत्तैभारतीय सीमा र नेपालका सबै विमानस्थलहरुमा कडा सुरक्षा प्रवन्ध पनि गरिसकिएको छ। गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा गृहमन्त्रालयमा बसेको सो बैठकमा भारत-पाकिस्तानबीच युद्धको अवस्था सिर्जना भएपछिको विकसित पछिल्ला घटनाक्रम र त्यसले पार्नसक्ने प्रभाव, आन्तरिक सुरक्षालगायतका विषयमा छलफल भएको भनिएको थियो। नेपालले मुलुकमा अवाञ्छित गतिविधि हुननदिने उद्देश्यकासाथ नेपाल-भारत सीमा र विमानस्थललगायतका संवेदनशील क्षेत्रमा निगरानी बढाउने र सुरक्षा संयन्त्रलाई उच्चसर्तक अवस्थामा राख्ने निर्णय गरिसकेको छ। भारत र पाकिस्तानमा सिर्जना भएको तनावपछि विकसित पछिल्ला घटनाक्रमहरु र त्यसले नेपाललाई पार्नसक्ने प्रभाव, सम्भावित चुनौती तथा भारत र पाकिस्तानमा रहेका नेपाली नागरिकको सुरक्षाका विषयमा पनि बैठकमा छलफल भएको भनिएको थियो। आन्तरिक सुरक्षातर्फ गर्नुपर्ने थप तयारी, समन्वय र सूचना आदान-प्रदानलगायतका विषयमा पनि छलफल भैसकेको छ। सीमानाकादेखि विमानस्थलसम्मको सुरक्षा व्यवस्थामा विशेष निगरानीसहित चुस्तदुरुस्त बनाउने, राष्ट्रिय तथा आन्तरिक सुरक्षा व्यवस्था सुनिश्चित तुल्याउने, सम्भावित चुनौतीको सामना गर्नेलगायत समसामयिक विषयमा नेपालले आफ्नोतर्फबाट रणनीति तयगरेको देखिएको छ। त्यसैगरी हाल विकशित क्षेत्रीय सुरक्षा परिस्थितिलाई मध्यनजरगर्दै सशस्त्र प्रहरी बल नेपालले सीमा क्षेत्रमा उच्चसतर्कता अपनाएको बताइएको छ। भारतीय सीमा क्षेत्रबाट हुनसक्ने अवैध घुसपैठलाई रोक्नका लागि सीमा सुरक्षाको प्रमुख जिम्मेवारी पाएको सशस्त्र प्रहरी बल, नेपालले भारतीय समकक्षी सशस्त्र सीमा बल (एसएसबि)सँगको सहकार्य र समन्वयमा सीमानामा संयुक्तरुपमा गस्ती पट्रोल र खबर आदान-प्रदानलाई तीव्रता दिएको देखिएको छ। सम्भावित आशंकित स्थानहरुमा निगरानी एवं चेकजाँच तथा सुक्ष्मरुपमा खबर संकलन कार्यसमेत थालिएको बताइन्छ। सीमा क्षेत्रलाई व्यवस्थित गर्न र हुनसक्ने अवैध घुसपैठलाई रोक्न नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग तथा स्थानीय जनप्रतिनिधि तथा सर्वसाधारणसँग समेत समन्वयगरी सूचना आदान-प्रदानगरी सीमामा आवत-जावत गर्नेगरी वारपारगर्नेलाई निगरानीगर्ने कार्यसमेत कड्याईका साथ गरिएको भनिएको छ। यसरी नेपालमा एकातिर बर्तमान सरकार र राजनीतिक ब्यवस्थाका बिरुद्ध भड्किएका बिभिन्न किसिमका आन्दोलनहरु रोकिन बाध्य भएका छन्भने अर्कातिर सुरक्षा खर्चमा अत्यधिक बृद्धि गर्नुपरेको देखिएको छ। भारत **बाँकी ७ पेजमा**

# नेकपा(मसाल) द्वारा प्रतिगमन बिरुद्ध एकजुट हुने निर्णय

काठमाडौं। नेकपा (मसाल) को हालै सम्पन्न पी.बी.एम. र सी.सी.एम. सहित बसेको केन्द्रीय कार्यालयको बैठकले समसामयिक बिषयमा बिभिन्न निर्णयगर्दै प्रतिगमन बिरुद्ध एकजुट हुने निर्णय गरेको छ। बैठकपछि सो पार्टीका महामन्त्रि मोहनबिक्रम सिंहले जारी गर्नुभएको एक बक्तब्यमा भनिएको छ - नेपाल सरकारले पेश गरेको नीति तथा कार्यक्रममा सर्वप्रथम नेकपा (मसाल) को ध्यानाकर्षण भएको छ। जसमा नेपाली जनताको बलिदान, संघर्ष र आन्दोलनले ल्याएको दूरगामी महत्वका उपलब्धिको रक्षागर्न यो सरकार दृढ छ भनिएको छ।

त्यस सिलसिलामा त्यसमा अगाडि लेखिएको छ- कुनै पनि प्रकृतिका प्रतिगामी पुनरुत्थानवादी, अराजक गतिविधिको प्रतिवाद गर्ने। नीति तथा कार्यक्रममा लेखिएको उक्त भनाइलाई नेकपा (मसाल) ले दृढतापूर्वक समर्थन गर्दछ र त्यो दिशामा उठाइने सरकार वा सत्तारुढ तथा प्रतिपक्ष पार्टी वा संगठनका सबै कदमसित ऐक्यबद्धता कायमगर्ने हाम्रो नीति हुनेछ। प्रतिगमनका विरुद्धको संघर्षमा कायम हुने सत्ता वा विपक्ष वा संसद वा त्यसबाहिर भएका राजनीतिक शक्ति र जनताको व्यापक एकतापछि नै प्रतिगमनलाई पराजितगर्नु सम्भव हुने छ। नेपालको गत कालको राजनीतिक इतिहासले पनि यही बताउँदै र प्रमाणितगर्दै आएको छकि जुन बेला प्रतिगमनका विरुद्ध भएका राजनीतिक शक्तिहरु एकजुट भएका छन्, त्यो बेला प्रतिगमन पराजित भएको छ तर जुन जुन बेला प्रतिगमनका विरुद्ध भएका राजनीतिक शक्तिहरु फुट्ने वा पारस्परिक विरोध संघर्षमा लाग्ने गरेका छन्, प्रतिगमनको सक्रियता बढ्ने गरेको छ। इतिहासको त्यो अनुभवबाट हामीले शिक्षा लिनुपर्दछ र आपसका कैयौं मतभेदका बाबजुद प्रतिगमनका विरुद्ध व्यापक एकता कायमगर्ने हाम्रो प्रयत्न हुनुपर्दछ। त्यसैगरी बक्तब्यमा प्रतिगमनका विरुद्धको एकतामा जोडदिने बेलामा प्रतिगमनका विरुद्ध भएका बिभिन्न राजनीतिक शक्ति वा सरकारसित पनि भएका मतभेद वा त्यस सिलसिलामा उनीहरुका विरुद्ध संघर्ष गर्नुपर्ने आवश्यकतालाई पनि पूरै उपेक्षागर्ने कुरा आउँदैन र त्यसोगर्नु सही हुने छैन तर हामीले मतभेद र एकताकासाथै संघर्षगर्ने नीति अपनाउनुपर्छ। त्यसले हाम्रो राजनीतिक परिपक्वता बताउनेछ र त्यसले नै प्रतिकूलभन्दा प्रतिकूल अवस्थामा पनि देशमा कुनै पनि संकट आएको बेलामा हामीलाई एकताबद्ध हुन मदत गर्नेछ भनिएको छ। त्यसैगरी बक्तब्यमा प्रतिगमनका विरुद्ध भएका सबै राजनीतिक शक्तिसित संघीयताको प्रश्नमा शुरुदेखि नै हाम्रो मतभेद रहँदै आएको छ। अहिले नीति तथा कार्यक्रममा संघीयता र गणतन्त्रलाई एकैसाथ राखेर प्रस्तुत गरिएको छ। त्यस प्रकारको परिस्थितिसित हाम्रो तीव्र मतभेद छ। गणतन्त्र नेपालको राष्ट्रिय महत्वको विषय हो र नेपाली जनताको करिब एक शताब्दीदेखि चल्दैआएको आन्दोलनको उपलब्धि हो भने संघीयता विदेशीद्वारा लादिएको अनावश्यक बोझ हो। त्यसैले हामीले शुरुदेखि नै गणतन्त्रको समर्थनगर्दै र संघीयताको विरोध गर्दै आएका छौं। त्यो नीतिमा हामी अहिले पनि दृढ र कटिबद्ध छौं। हाम्रो त्यही नीतिका कारणले प्रतिगमनका विरुद्ध वा गणतन्त्रको पक्षमा हुने प्रत्येक आन्दोलनलाई समर्थनगर्ने वा त्यससित ऐक्यवद्धता कायम गर्ने हाम्रो नीति वा प्रयास हुँदैआएको छ र आगामी दिनमा पनि हुनेछ भनिएको छ।

उक्त बक्तब्यमा अहिले देशमा आर्थिक संकट लगातार बढ्दैगएको छ र त्यो धेरै नै गम्भीर भएको छभने पनि अतिशयोक्ति हुने छैन। आर्थिक अभावका कारणले विकासको रकम घट्दै गइरहेको छ। विकास वा सामाजिक सुरक्षाका लागि रकम कमहुँदै गइरहेको छ। विकासको लागि ता बजेटको करिब १७ प्रतिशत मात्र छुट्याइएको छ, जो पहिले विकासका लागि छुट्याउने गरेको रकमभन्दा धेरै नै कम हो। प्रशासनका लागि खर्च हुने रकम पूरागर्न पनि सरकारलाई धौधौहुँदै गइरहेको छ। सरकारले बिभिन्न रकममा कटौती गरेर खर्च पूरागर्ने प्रयत्न गर्दैछ तर मुख्य आवश्यकता संघीयताको प्रादेशिक संरचनामा भएको अनावश्यक खर्चनै हो, जहाँ प्रत्येक वर्ष खरबौं रुपैयाँ खर्च हुन्छ। प्रादेशिक संरचनालाई खारेज गर्नेबित्तिकै शिक्षा र स्वास्थ्यलाई पूरै निःशुल्क गराउन सकिनेछ र गर्नु पनि पर्दछ। त्योबाहेक देशको औद्योगीकरण, कृषि, उद्योग र दिगो विकासमा समेत धेरै मदत पुग्नेछ तर सरकारले देशको आवश्यकतामाथि ध्यान दिएर होइन, विदेशी दबावमा नै संघीयतालाई बोक्ने काम गरिरहेको छ। त्यसकारण त्यसलाई खारेज गर्न देशमा अरु शक्तिशाली आन्दोलनको आवश्यकता छ भनिएको छ। त्यसैगरी देशको विकास नभईकन देशमा रोजगारी बढ्न सक्दैन। जनताका समस्याको समाधान पनि हुनसक्दैन तर सरकारले विकासका लागि खालि १७ प्रतिशत मात्र बजेटको रकम छुट्याएको छ। स्वयं सरकारका आधिकारिक रिपोर्टबाट पनि थाहाहुन्छ। त्यसको पनि अत्यन्त कम प्रतिशत मात्र खर्च हुन्छ। जति प्रतिशत खर्च हुन्छभनेर देखाइएको हुन्छ, त्यसको पनि ठूलो अंश बिभिन्न स्तरको भ्रष्टाचारमा खर्च हुन्छ। त्यसैको परिणाम हो कि देशको विकास नगण्य रुपमा नै भइरहेको भनिएको छ। उक्त बक्तब्यमा भ्रष्टाचार अहिले देशको अत्यन्त गम्भीर समस्या भएको छ। भ्रष्टाचारको छानबिनगर्ने अन्तर्राष्ट्रिय आयोगले पनि नेपाललाई चरम प्रकारको भ्रष्टाचार भएको देशको सूचीमा राखेको छ। नेपालमा सुनतस्करी, नक्कली भुटानी शरणार्थी, ललितानिवास जग्गा प्रकरण, गिरिबन्धु टीस्टेट आदि भ्रष्टाचारका घटनाको नै परिणाम हो कि **बाँकी ७ पेजमा**

# भारत पाकिस्तान युद्ध र शक्तिराष्ट्रहरुको अग्नी परीक्षा

## यो साताको बिशेष

**युद्धमा भारत र पाकिस्तान :** नेपालका छिमेकी भारत र पाकिस्तान गतसाताबाट युद्धमा रहेका छन्भने विश्वभरत्रास बढेर गएको देखिएको छ। बिबिसी, सिएनएन र अल जजिरा लगायतका अन्तराष्ट्रिय समाचार संस्थाहरुले प्रकाशन/प्रशारण गरेका सामग्री अनुसार स्थिति भयावह बन्दै गएको छ। सो युद्धले दक्षिण एशियालाई आर्थिक, सामाजिक र राजनीतिकरुपमा समेत संकटग्रस्त बनाउँदै लगेको छ। जसमा पछिल्ला दिनमा सार्बजनिक भएका समाचार बिवरणहरुअनुसार भारतका २४ वटा विमानस्थल नागरिक सेवाका लागि बन्द गरेर मार्शल तैनाथ गरिएका छन्। पञ्जाब, जम्मू कश्मीर, लद्दाख, गुजरात, राजस्थान र हिमाचल प्रदेशका २४ वटा विमानस्थल नागरिक सेवाका लागि बन्द गरिएको बीबीसी नेपाली सेवाले जनाएको छ। नागरिक उड्डयन सुरक्षा ब्यूरो (बीसीएएस)ले देशभरका सबै एयरलाइन्स र विमानस्थलहरुलाई सुरक्षा उपायहरु बढाउन निर्देशन दिएको छ। सो निर्देशनअनुसार, सबै विमानस्थलहरुमा सबै यात्रुहरुको जाँच थालिएको छ। टर्मिनल भवनमा आगन्तुकहरुको प्रवेश निषेध गरिएको छ। एयर इन्डियाले बीसीएएसलाई उद्‌धृतगर्दै आन्तरिक यात्रुहरुले तीन घण्टाअगाडि विमानस्थल पुग्नुपर्ने जनाएको छ। ७५ मिनेट अगाडि चेक-इन बन्द हुने पनि भनेको छ। त्यसैगरी पाकिस्तानले जम्मू, पठानकोट र उधमपुरमा रहेका सैन्य अड्डाहरुमा आक्रमण गरेको भारतीय रक्षा मन्त्रालयले पुष्टि गरेको छ। उक्त आक्रमणमा कुनै पनि जनधनको क्षति भएको छैन। भारतले आफ्नो सार्वभौमसत्ता र आफ्ना नागरिकहरुको रक्षागर्न प्रतिबद्ध रहेको जनाएको छ। भारतले सबै क्षेप्यास्त्रहरुलाई वायु रक्षा प्रणालीद्वारा सफलतापूर्वक रोकिएको र निष्क्रिय पारिएको भनेको छ। त्यसैगरी पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले जम्मू कश्मीरमा भएको कुनै पनि आक्रमणको जिम्मेवारी अस्वीकार गर्नुभएको छ। उहाँले आफूहरुले आक्रमण नगरेको बताउँदै जब पाकिस्तानले आक्रमण गर्छ तब सबैलाई थाहा हुनेछ भन्नुभएको छ। कश्मीरको पहलगाममा गत अप्रिल २२ मा भएको हमलाले अन्ततः भारत र पाकिस्तानलाई युद्धमै डोऱ्याएको छ। सन् १९४७ मा विभाजन यता सन् १९६५, १९७१ र १९९१ मा युद्ध लडेका दुई देश हवाई तथा स्थल युद्धमा होमिएपछि विश्वभर चिन्ता छाएको छ। अपरेसन सिन्दूर घोषणा गरेको भारतले गतसाता बुधबार बिहान पहिलो पटक पाकिस्तान र पाकिस्तान प्रशासित कश्मीरका नौ स्थानमा मिसाइल हमला गरेको थियो। जसमा आतंकवादी शिविरलाई निसाना बनाइएको भारतको दाबि थियो। अर्कातिर पाकिस्तानलेभने महिला बालबालिकासहित कम्तीमा ३१ जना मारिएको जनाएको थियो। पाकिस्तानले गतसाता बिहीबार अपरान्ह उत्तरपश्चिमी भारतका १५ सैन्य शिविरमा लक्ष्यगरी ड्रोन र मिसाइल आक्रमण गरेको भारतको दावी थियो। पाकिस्तानले अवन्तिपुरा, श्रीनगर, जम्मु, पठानकोट, अमृतसर, कपुरथला, जालन्धर, लुधियाना, आदमपुर, भटिन्डा, चण्डीगढ, नाल, फलोदी, उत्तरलाई र भुजलाई निसाना बनाएको भारतले जनाएको थियो। उक्त शहरहरुमा गरिएका हमलालाई हवाई प्रतिरक्षा प्रणालीद्वारा निष्क्रिय पारिएको दाबी भारतीय रक्षा मन्त्रालयले गरेको छ। त्यसलगत्तै भारतले पाकिस्तानको लाहोरस्थित हवाई प्रतिरक्षा प्रणाली निष्क्रिय पारिदिएको दाबी गरेको थियो। गतसाता बुधबार यता २५ वटा भारतीय ड्रोन खसालेको पाकिस्तानी सेनाले दाबी गरेको छ। तीमध्ये तीनवटा ड्रोन रावलपिन्डीमा खसालेको भनिएको छ। पाकिस्तानका कराँचीलगायतका केही शहरमा ड्रोनका कारण क्षति पुगेका तस्बिरहरु पनि बिभिन्न सञ्चार माध्यम मार्फत सार्वजनिक भएका छन्। पाकिस्तानले भारत प्रशासित जम्मु शहरमा हमला गरेको छ। जम्मुस्थित विमानस्थलमा बिष्फोट भएको छ। लगत्तै क्रिकेट श्रृंखला आईपीएलअन्तर्गत हिमाञ्चलको धर्मशालामा गत बिहीबार साँझ भइरहेको पञ्जाब र दिल्लीबीचको खेल पनि पहिलो इनिङ्सको ११ औं ओभरमा रोकिएको थियो। भारतको पञ्जाब प्रान्तको पठानकोट शहरमा पनि बिष्फोट सुनिएको प्रहरी श्रोतलाई उद्धृतगर्दै भारतीय पत्रिका हिन्दुस्तान टाइम्सले जनाएको थियो। अर्कातिर भारतीय हवाई हमलाले नीलम-झेलम बाँधमा क्षति पुगेको पाकिस्तानले जनाएको छ। भारतले भने सो भनाईको खण्डन गरेको छ। नीलम-झेलम बाँध पाकिस्तान प्रशासित कश्मीरमा रहेको जलबिद्युत परियोजनाको एक हिस्सा हो। सो बाँधले नीलम नदीको पानीलाई झेलम नदीमा रहेको बिद्युत केन्द्रमा मोड्ने काम गर्दछ। ९६९ मेगावाट क्षमताको उक्त बिद्युत केन्द्र मुजफ्फराबादबाट ४२ किलोमिटर दक्षिणमा रहेको छ। भारतसँग तनाव बढेपछि पाकिस्तानको पञ्जाब प्रान्तका बिद्यालय बन्द गरिएको छ। पञ्जाब सरकारले गत शुक्रबार र शनिबार सबै बिद्यालय बन्द राख्न आदेश दिएको थियो। ओ-लेभल र ए-लेवलका परीक्षाभने तोकिएकै तालिकाअनुसार जारीरहने भनिएको छ। भारतको पञ्जाब प्रान्तमा पनि तीन दिन बिद्यालय बन्द गरिएका छन्। पाकिस्तानको लाहोरस्थित अमेरिकी महावाणिज्य दूतावासले आफ्ना कर्मचारीलाई सुरक्षित स्थानमा जान आग्रह गरेको छ। दूतावासले वेबसाइटमा सूचना जारीगर्दै लाहोरको मुख्य विमानस्थल वरपरको क्षेत्र खालीगर्ने पाकिस्तानी अधिकारीको तयारी रहेको पनि जानकारी दिएको छ। भारत र पाकिस्तानबीच पछिल्लो समय बढेको तनाव औपचारिक युद्धतर्फ गइरहेको संकेत देखिन थालेको छ। पहलगामस्थित आतंकवादी आक्रमणपछि शुरुभएको द्वन्दले दुई देशलाई पुनः एकपटक युद्धको नजिक पुऱ्याएको छ। यसबीच दुवै मुलुकले हवाई हमला शुरु गरेका छन्, जसले मानवीय र भौतिक क्षतिको गम्भीर अवस्था निम्त्याएको छ। दुई देशबीचको तनावको शुरुवात जम्मु-कश्मीरको पहलगाम क्षेत्रमा भएको आक्रमणमा परी एक नेपालीसहित २६ भारतीयको मृत्यु भएपछि भएको भएपनि युद्धका अन्य आयामहरु पनि रहेको राजनीतिक क्षेत्रमा टिकाटिप्पणीका बिषय भएका छन्। हालसम्म भएको हवाई हमला/प्रतिहमलामा दुवै पक्षले सैन्य हताहती ब्यहोरेका छन्। गत शुक्रबारसम्मको तथ्यांकअनुसार भारतले पाँचवटा फाइटर जेट (तीमध्ये २ मिग-२९, २ सुखोई-३० र १ तेजस) क्षतिग्रस्त भएको स्वीकार गरेको छभने पाकिस्तानले आफ्नो तीनवटा एफ-१६ लडाकु विमान गुमाएको पुष्टि गरेको छ। भारतीय मिडियाले कराँचीस्थित पाकिस्तानको एक हवाई ट्राफिक कन्ट्रोल सिष्टम ध्वस्त पारिएको जनाएका छन्। पाकिस्तानलेभने भारतको आरोपलाई खारेजगर्दै कराँची विमानस्थल र हवाई नियन्त्रक प्रणाली चालू रहेको जनाएको छ।

**बढ्दो संकट :** गत शुक्रबारसम्ममा प्राप्त तथ्यांकअनुसार भारतमा ४८ जना र पाकिस्तानमा ३५ जनाको मृत्युभएको पुष्टि भएको छ। जसमा अधिकांश सैनिक रहेका छन्। दुवै देशका सीमावर्ती क्षेत्रका सर्वसाधारण पनि प्रभावित भएको अन्तराष्ट्रिय समाचारसंस्थाहरुको भनाई छ। भारतको जम्मु, अमृतसर र राजस्थानका गाउँहरु खाली गराइएको छभने पाकिस्तानको सियालकोट, बहावलनगर र लाहौरका सीमावर्ती बस्तीहरुमा आंशिक पलायन शुरु भएको बताइएको छ। पछिल्ला गतिविधि हेर्दा दुवै मुलुक स्थलयुद्धका लागि पनि तयारी अवस्थामा रहेको देखिएका छन्। भारतले पञ्जाब, राजस्थान र जम्मु क्षेत्रमा ५० हजारभन्दा बढी सैनिक परिचालन गरेको भनिएको छ। पाकिस्तानले पनि आफ्नो नर्थ कमान्डअन्तर्गतका फौजलाई अलर्ट राख्दै दक्षिण र उत्तर वायु बेसहरु सक्रिय बनाएको भनिएको छ। भारतीय रक्षा मन्त्रालयका एक उच्च अधिकारीकाअनुसार दीर्घकालीन युद्धको तयारीगर्न तयार रहेको भनिएको छ। पाकिस्तानको सेनाले पनि रक्षा मन्त्रालयलाई अत्यावश्यक आपूर्ति र लामो अवधिको रणनीति तयारीका लागि निर्देशन दिएका समाचारहरु बाहिर आएका छन्। भारतले पाकिस्तान बिरुद्धको प्रचार युद्धलाई पनि तेज बनाउँदै लगेको देखिएको छ। भारतीय टेलिभिजन र समाचारमाध्यमहरुले पाकिस्तानलाई कमजोर, रक्षात्मक तथा पराजित राष्ट्रकारुपमा चित्रण गरिरहेका छन्। दैनिक बहस कार्यक्रमहरुमा पाकिस्तानको सैन्य क्षमताको उपहास गरिएको छ। पाकिस्तानी सञ्चार माध्यमहरुभने आत्मरक्षात्मक, सावधानीयुक्त र शान्ति चाहने तर युद्धको उत्तर दिन सक्षम राष्ट्रकारुपमा आफ्नो प्रचार गरेका छन्। संयुक्त राष्ट्रसंघ, अमेरिका, रुस र चीनले तत्काल संयमता अपनाउन आग्रहगर्दै क्षेत्रीय स्थायित्वको पक्षमा मत ब्यक्त गरेका छन्। राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले दुवै देशले जनताको सुरक्षालाई प्राथमिकता दिनुपर्ने बताउनु भएको छ। द्वन्द एकाएक नियन्त्रणभन्दा बाहिर जानसक्ने खतरा देखिएपछि कूटनीतिक पहलहरु तीव्र पारिन थालेका छन्। कतिपय रिपोर्टहरुमा ओमान, साउदी अरेबिया र टर्कीले गोप्य वार्ताको शुरुवात गरिसकेको उल्लेख गरिएको छ। भारत-पाकिस्तान युद्धको वर्तमान अवस्थाहेर्दा द्वन्द शीतकालीन युद्धजस्तो सीमित युद्धको ढाँचामा शुरु भएपनि यसको परिणति पूर्णयुद्धतर्फ जानसक्ने संकेत देखिएको छ।

**नेपालमा बढेको दबाव :** नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटको तयारीमा जुटिरहेका बेला एकाएक सुरक्षाको तयारीमा लाग्नु परेको छ। नेपालको सम्पूर्ण ध्यान सीमा सुरक्षामा लगाउनु पर्ने र त्यसका लागि ठूलो धाराषि खर्च गर्नुपर्ने अवस्था सिर्जना भएको छ। क्षेत्रीय सुरक्षा अवस्थालाई मध्यनजरगर्दै नेपाल-भारत सीमामा सुरक्षा व्यवस्था थप कडा बनाइएको छ। सशस्त्र प्रहरी बल नेपाल (एपीएफ)ले बिगत ४८ घण्टाको अवधिमा सीमा क्षेत्रमा ३१२ वटा गस्ती (पट्रोलिङ) तथा एकहजार ८४४ स्थानमा चेक प्वाइन्ट स्थापना गरिएको जनाएको छ। सशस्त्र प्रहरी बलका प्रवक्ता कालिदास धौवजीले समाचारदाताहरुलाई दिनुभएको जानकारीअनुसार गत २३ गते मंगलवार बिहानदेखि यता भारतीय समकक्षी सशस्त्र सीमा बलसँगको सहकार्यमा ८४ वटा संयुक्त तथा २२८ वटा एकल गस्ती गरिएको छ। सशस्त्र प्रहरीकाअनुसार गस्ती तथा चेकजाँच कार्यलाई निरन्तरता दिइँदैआएको छ। एकनम्बर बराह बाहिनी मुख्यालय (सुनसरी), दुईनम्बर छिन्नमस्ता (महोत्तरी), तीन नम्बर गढीमाई (मकवानपुर), चारनम्बर मुक्तिनाथ (कास्की), पाँच नम्बर विन्ध्यवासिनी (रुपन्देही) र सातनम्बर वैद्यनाथ (कैलाली) मातहत रहेका कार्यालयहरुबाट १० हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ। त्यसैगरी नेपाल प्रहरीले पनि आफ्ना सीमा नाका आसपासका इकाइहलाई उच्च सतर्कतामा राखेको जनाएको छ। नेपाल प्रहरीका महानिरीक्षक दीपक थापाले देशभरका प्रमुख नाकाहरुमा रहेको प्रहरी जनशक्तिलाई सचेत र सजग बनाइएको समाचारदाताहरुलाई जानकारी दिनुभउको छ। नेपाल प्रहरीका अनुसार सीमा क्षेत्रमा हुनसक्ने आपराधिक क्रियाकलाप, मानव तस्करी, लागुऔषध ओसारपसार तथा अवैध सामानको आवतजावतमा रोकलगाउनेगरी अनुगमन बढाइएको छ। सीमा क्षेत्रमा सुरक्षा व्यवस्था बलियोपार्न सशस्त्र प्रहरी, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, स्थानीय जनप्रतिनिधि तथा सर्वसाधारणहरुसँग समन्वयगर्दै सूचना आदान-प्रदान प्रणालीलाई प्रभावकारी बनाइएको छ। त्यसैगरी नेपाल-भारत सीमा क्षेत्रमा परम्परागतरुपमा चलिआएको स्थानीय आवतजावतलाई असहज नहोस् भनेर जनमैत्री नीति पनि अपनाइएको बताइएको छ। वर्तमान भूराजनीतिक अवस्थाका कारण सामाजिक अस्थिरता तथा भारत पाकिस्तानका युद्धका कारण शरणार्थीजस्ता संवेदनशील परिस्थितिमा सीमा क्षेत्रको सुरक्षा संवेदनशील बन्दैगएको छ। पाकिस्तानमाथि भारतले आक्रमण गरेको करिव ३६ घण्टापछि नेपालले गतसाता सो घटनाबारे आफ्नो औपचारिक धारणा सार्वजनिक गरेको थियो। गतसाता बिहीवार साँझ एक विज्ञप्ति प्रकाशितगर्दै परराष्ट्र मन्त्रालयले नेपाल सरकार भारत र पाकिस्तानबीच बढेको तनावप्रति गहिरो चिन्ता व्यक्त गर्छ। नेपाल तनाव कम हुने अपेक्षा गर्छ र यस क्षेत्रमा दीर्घकालीन शान्ति र स्थिरताप्रतिको प्रतिबद्धता दोहोऱ्याउन चाहन्छ भनेको थियो। उक्त बक्तब्यमा आफ्नो सैद्धान्तिक अडानअनुरुप नै आतंकवादविरुद्धको लडाइँमा नेपाल सबैका साथमा उभिन्छ। नेपालले कुनैपनि हानि पुऱ्याउने शक्तिहरुलाई आफ्नो भूमि छिमेकी देशहरुविरुद्ध प्रयोग हुन दिने छैन भनिएको छ। उक्त विज्ञप्तिमा मन्त्रालयले अप्रिल २२ मा पहलगाममा भएको आतंकवादी आक्रमणको तत्काल निन्दा गरेको उल्लेखगर्दै त्यसबेला नेपाल र भारत शोक र पीडाको घडीमा एकसाथ उभिएको जनाएको छ। यसअघि प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसेको थियोभने गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा केन्द्रीय सुरक्षा समितिको बैठक बसेको थियो। राष्ट्रिय सुरक्षा परिषद्को बैठकपछि जारी गरिएको विज्ञप्तिमा भारत-पाकिस्तानबीच भएको घटनाक्रमबाट उत्पन्न हुनसक्ने परिस्थितिको सूक्ष्म विश्लेषणगरी आगामी दिनमा आइपर्ने परिस्थितिको सामनागर्न उपयुक्त रणनीति अपनाउने सम्बन्धमा छलफल भएको भनिएको थियो। गतसाता बुधवारबाटै नेपाल-भारत सीमाक्षेत्र र काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुरक्षा व्यवस्था कडा गरिएको अधिकारीहरुको भनाई छ। गृह मन्त्रालयका प्रवक्ता रामचन्द्र तिवारीले भन्नुभएको छ-हाम्रा सबै सुरक्षा संयन्त्रले यसको सूक्ष्म ढंगले निगरानीगर्ने र विश्लेषणगर्ने काम भइरहेको छ। भारतसँग हाम्रो लामो खुलासीमा छ त्यसको दुरुपयोग नहोस र अवाञ्छित आवागमन नहोस् भन्ने कुरामा सरकार सचेत छ र त्यहीअनुसार निगरानी र जाँच भइरहेको छ। बीबीसी नेपाली सेवासँग कुरागर्दै सशस्त्र प्रहरी बलका प्रवक्ता

**बाँकी ८ पेजमा**



तस्विर : अन्तराष्ट्रिय न्युज एजेन्सी


तस्विर : शसस्त्र प्रहरी

# वामपन्थी नेता प्रदीप नेपाल र उहाँका योगदानहरु

**बिवेक शर्मा**

वामपन्थी नेता प्रदीप नेपालको ७१ वर्षको उमेरमा गतसाता मंगलबार निधन भएको छ। उहाँको निधनले नेपालको बाम राजनीतिक क्षेत्रमा ठूलो क्षति गरेको ठानिएको छ। जुन कुरा उहाँको समग्र जीवनलाई अध्ययनगर्दा स्पष्ट हुन्छ। लामो समयदेखि पार्किन्सनलगायत रोगबाट पीडित नेपालको निधनपछि बिभिन्न चर्चा परिचर्चाहरु थालिएका छन्। खासगरी स्व. नेपालको अन्तिम इच्छाअनुसार एमालेले श्रद्धाञ्जली कार्यक्रम नराखेकोभन्ने छ। पार्टीका नेताको निधनपछि पार्टीको झण्डा ओढाउने र श्रद्धाञ्जली कार्यक्रम दिने एक प्रकारको परम्परा नै रहँदै आएको छ। तर स्व. नेपालको हकमा त्यो परंपरा लागू गरिएन। भनिन्छ स्व. नेपालले आफ्नो मृत्युअघिनै एक इच्छापत्र लेखेर उपरोक्त कुरा उल्लेख गर्नुभएको थियो। जसमा झण्डा ओढाउने वा मृत्युपछिको तामझाम गर्ने कुराबाट टाढै रहन भनिएको थियो। यो उहाँको यो संसारबाट बिदा हुँदाहुँदैको एक प्रकारको सामाजिक बिद्राहनै हुनपुगेको छ। जीवन रहँदासम्म बिभिन्न वाद बिवादगर्ने र मरेपछि सम्मान र गुनगान गाउने नेपाली परंपरालाई उहाँले चुनौती दिनुभएको स्पष्ट छ।

०५१ सालमा बनेको एमालेका तत्कालीन अध्यक्ष मनमोहन अधिकारी नेतृत्वको सरकारमा प्रदीप नेपाल पहिलो पटक सञ्चारमन्त्री हुनुभएको थियो। जीवनको उल्लेख्य समय पत्रकारितामा बिताउनु भएका नेपालका लागि यो एक प्रकारको सम्मान थियो भनेपनि हुन्छ। राजनीतिक विश्लेषकसमेत रहनु भएका उहाँ पञ्चायती शासन कालमा सञ्जय थापाको नाममा लेख लेख्ने गर्नुहुन्थ्यो। कतिपय पत्रपत्रिकामै उहाँको संलग्नता जनाउन सोही नाम उल्लेख गरिएको थियो। उहाँको हिन्दू परंपराअनुसार पशुपतिस्थित बिद्युतीय शवदाह गृहमा अन्तिम संस्कार गरिनु अर्को उल्लेख्य कुरा भएको छ। जसबाट हालको नास्तिकता बढ्दै गएको नेपाली समाजलाई अर्को चुनौती दिएको छ। प्रदीय नेपालको राजनीतिक जीवन पनि धेरै उतार-चढावपूर्ण र संघर्षमयी रहेको पाइन्छ। नेकपाको तेश्रो महाधिबेशनमा पार्टी बिभाजन भएपछि उहाँले कोअर्डिनेसन केन्द्र, तत्कालीन नेकपा मालेहुँदै एमालेसम्मको राजनीतिक यात्रा तयगर्नुभएको पाइएको छ। उहाँ पटक, पटक एमालेको स्थायी समिति सदस्य हुनुभएको थियोभने पछिल्लो समयमा पार्टी बिभाजनले केही असन्तुष्ठजस्तो पनि देखिनुभएको थियो। यहाँले झण्डै पाँचदशक लामो कम्युनिष्ट राजनीतिक जीवन बिताउनु भएको पाइएको छ। उहाँ तत्कालीन नेकपाकालमा नेपाल स्थायी कमिटी सदस्य हुनुहुन्थ्यो। अदालतको आदेशपश्चात एमाले र माओवादी केन्द्र ब्युँतिएपछि उहाँ एमालेमै रहनु भयो तर, सक्रिय भने हुनुभएन। ०१० सालको पुस आठगते भोजपुरको पोखरे गाउँमा जन्मिनु भएका नेता नेपालले ०२६ सालमा सगरमाथा स्वतन्त्र बिद्यार्थी यूनियनको सदस्य भएर राजनीतिक जीवनको शुरुवात गर्नुभएको पाइन्छ। सानैदेखि विद्रोही स्वभावका उहाँ त्रिचन्द्र कलेजमा अध्ययन गर्दैगर्दा बिद्यार्थी राजनीतितर्फ आकर्षित हुनुभएको थियो। ०२६ सालमा बिद्यार्थी आन्दोलनमा सहभागी भएपछि उहाँ वामपन्थी बिचारधारासँग जोडिनु भएको थियो। उहाँ नेकपा मालेका संस्थापकमध्ये एक हुनुहुन्थ्यो। ०३५ सालको पुस ११ गते नेकपा माले गठन भएको थियो। ०३५ मा कोअर्डिनेसन केन्द्र (कोके) मा सहभागी हुनुभएको थियो। कोके मुक्ति, पुष्पलाल श्रेष्ठको मुक्ति मोर्चा, दाङको सन्तोष समूह, झापाको रातो झण्डा एकताहुँदै ०३५ मा नेकपा मार्क्सवादी लेनिनवादी (माले) निर्माणमा उहाँको उल्लेखनीय



स्व. प्रदीप नेपाल, फाइल तस्वीर

भूमिका रहेको थियो/। राजनीतिक गतिविधिमा सक्रिय रहेका बेला उहाँ जेल पर्नुभएको थियो। ०३३ सालमा ललितपुरको नख्खु जेल तोडेर निस्किनु भएको थियो। ०४६ को जनआन्दोलन सफल भएपछि २२ पुस ०४७ मा नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच एकताभई नेकपा (एमाले) गठन भउको थियो/। तत्कालीन नेकपा ( माले) ले ०४६ भदौ नौदेखि १४ सम्म सिरहामा भएको चौथो राष्ट्रिय महाधिवेशनमा बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिलाई अनुमोदन गरेको थियो/। त्यसलाई परिमार्जितगरी ०४७ मा तत्कालीन महासचिव मदन भण्डारीले प्रतिपादन गरेको 'जनताको बहुलीय जनवाद' लागूगर्न नेपालको भूमिका महत्वपूर्ण रहेको थियो।

जतिबेला पार्टीभित्र 'जनताको बहुदलीय जनवाद' (जबज) को चर्को बहस चलेको थियो, त्यतिबेला नेता नेपालले 'जबज' को व्याख्यासहित पुस्तिका छापेर एमाले कार्यकर्तालाई पढाउने अभियाननै चलाउनु भएको थियो। त्यसअघि झापा विद्रोहका अन्य नेतासँगै जेल परेका बन्दीहरु ०३३ सालमा जेल ब्रेक गरेर निस्किनु भएको थियो। नेपाली कांग्रेस नेता कृष्णप्रसाद भट्टराई, मालेका नेता सीपी मैनाली, गोपाल शाक्य, नारद वाग्ले, वीरबहादुर लामा, भीष्म धिमाल लगायतका नेताहरुले ०३३ को राति जेलब्रेक गर्नुभएको थियो। जेल ब्रेकगर्ने १५ जना नेतामध्ये नेपाल पनि एक हुनुहुन्थ्यो। उहाँले लामो समयसम्म एमालेको प्रचार विभाग प्रमुख तथा प्रवक्ताको जिम्मेवारी समेत सम्हाल्नु भएको थियो। प्रवक्ता, साहित्यकार एवं लेखरचना लेखिराख्ने नेपालको सञ्चारकर्मीसँगको सम्बन्ध पनि राम्रो थियो। उहाँलाई कुशल संगठक एवं प्रष्ट वक्ताकारुपमा लिने गरिन्थ्यो। नेपाल ०७८ सालमा एमाले विभाजनहुँदा एकीकृत समाजवादीका नेता समेत हुनुभएको थियो। तर पछि सो पार्टीले जनताको बहुदलीय जनवाद (जबज) छाडेकोभन्दै एमालेकै सदस्यता नवीकरण गर्नुभएको थियो। त्यसपछि उहाँ स्वास्थ्य समस्याका कारण राजनीतिमा सक्रियभने हुनसक्नु भएको थिएन। आठौं महाधिवेशनमा महासचिवमा उम्मेदवारी दिनुभएका नेपाल ईश्वर पोखरेलसँग पराजित हुनुभएको थियो। नवौं महाधिवेशनमा पनि उपाध्यक्षमा उम्मेदवारी दिएर पुनः पराजित हुनुभएको थियो। ०६४ सालमा भएको पहिलो संविधान सभाको निर्वाचनमा उहाँ काठमाडौं-१ बाट नेपाली कांग्रेसका प्रकाशमान सिंहसँग पराजित हुनुभएको थियो। उहाँका १६ वटा उपन्यास र १० वटा कथासंग्रह प्रकाशित छन्।

नेपाललाई एमालेका अध्ययनशील नेताहरुमध्ये एक मानिन्थ्यो। उहाँले नेताहरुमा पठन संस्कृतिको कमी भएकोमा चिन्ता व्यक्तगर्दै आउनु भएको थियो। उहाँलाई एमालेमा सबैभन्दा पहिला मोबाइल प्रयोग गरेका सबैभन्दा पहिला घरमा कम्प्युटर राख्ने नेतासमेत मानिनु हुन्थ्यो। खुला राजनीतिमा आएपछि आफूलाई केही साथीले म्याक ल्यापटप उपहार दिए पनि चलाउन अप्ठ्यारो भएपछि बेचेर डेस्कटप किनेको उहाँले बिभिन्न सार्बजनिक कार्यक्रममा स्पष्टीकरण समेत दिने गर्नुहुन्थ्यो। नेपालको निधनले नेपाली वामपन्थी आन्दोलनका एक प्रखर नेता गुमाएकोभन्दै नेताहरुले दुःख व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जाल मार्फत प्रधानमन्त्री केपी ओलीदेखि पूर्वप्रधानमन्त्रीहरु पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खनाल, डा. बाबुराम भट्टराईलगायतले उहाँको निधनप्रति दुःख व्यक्तगर्दै समवेदना व्यक्त गरेर उहाँको उच्च सम्मान गर्नुभएको थियो। जीवनभर कम्युनिष्ट राजनीतिमा सक्रिय उहाँ पछिल्लो समयमाभने साहित्य लेखनमा केन्द्रित हुनुभएको थियो। पछिल्ला दिनमा उहाँ आफूलाई राजनीतिज्ञभन्दा जीवनवादी साहित्यकार भन्न रुचाउनु हुन्थ्यो। पार्टीको मुखपत्र 'नवयुग' प्रकाशन शुरुगरी पार्टीको बिचारलाई कार्यकर्ताको हातहातमा पुऱ्याउन उहाँको उल्लेख्य भूमिका रहेको मानिन्छ। उहाँ माओवादी जनयुद्धलाई हिंसा मान्नुहुन्थ्यो र हिंसाकोभने चर्को आलोचक हुनुहुन्थ्यो। रुकुममा तत्कालीन माओवादीले ०५६ सालको निर्वाचनमा एमाले नेता यदु गौतमको हत्या गरेपछि उहाँले 'आकाश गंगाको तीरैतीर' उपन्यास लेख्नु भएको मनिन्छ। 'यदु गौतमको रक्तरञ्जित लास देख्नुनपरेको भए आकाश गंगाको तीरैतीर (उपन्यास) जन्मिँदैनथ्यो' भन्ने उहाँको भनाई थियो। ०५३ सालमा राष्ट्रिय प्रजातन्त्र पार्टीसँग मिलेर एमालेले सरकार बनाएपछि उहाँले 'बहुदलीय आन्दोलनको आदर्श समाप्त भएको' भन्दै असन्तुष्टि व्यक्त गर्नुभएको थियो। ०६३ सालमा तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला नेतृत्वको अन्तरिम सरकारमा शिक्षा तथा खेलकुदमन्त्री हुनुभएको थियो। उहाँले एमालेका महासचिव मदन भण्डारी दुर्घटनाबारे नेपालले 'बर्बरिक' उपन्यास लेख्नुभएको थियो। उहाँका 'एक्काइसौं शताब्दीकी सुम्निमा, 'बाघमारेको लालसलाम, 'देशको खोजी, 'पाइला छाडेर अस्ताएको घाम, 'आमाको मन, 'सञ्जय थापाका कथाहरु, 'जननी जन्मभूमिश्च, 'फेवाको सुस्केरा, 'देउमाईको किनारमा, 'आकाश गंगाको तीरैतीर' लगायतका कृति प्रकाशित छन्/। ०७५ सालमा एमाले र एमाओवादीबीच एकताहुँदा उहाँ असन्तुष्ट हुनुभएको थियो। अब नेपालको भौतिक शरीर नरहे पनि उहाँले नेपालको वामपन्थी राजनीति, प्रगतिशील साहित्य र पत्रकारिता क्षेत्रमा अमिट छाप छाडेर जानुभएको छ। भूमिगत कालमा सञ्जय थापा र बाहिर निस्केपछि प्रदीप नेपालका नाममा उपन्यास, संस्मरण र कविता लेख्नुभएका उहाँले हजारौंको संख्यामा बिभिन्न पत्रपत्रिकामा लेखहरु लेख्नुभएको थियो। भनिन्छ हालका एमालेका अध्यक्ष केपी ओली, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, वामदेव **बाँकी ७ पेजमा**

# ४५० रोपनी जग्गा प्लटिङ गरिँदा वन जंगलको दोहोलो

काठमाडौं। ४५० रोपनी जग्गा प्लटिङ गरिँदा वन जंगलको दोहोलो भएको छ। प्राप्त समाचारअनुसार भक्तपुरको सूर्यविनायक नगरपालिका-९ काँक्राबारी रातोमाटेमा करिब ४५० रोपनी ठारो भीर डोजरले कटानगरी उजाड बनाइएको छ। निक भुजिकिक हाउजिङ प्रालिले जग्गा खण्डिकरणगरी आवास निर्माणका लागिभन्दै स्थानीय लामा बस्तीका बासिन्दासँग खरिद गरेको जग्गामा डोजरमात्रै चलाएन त्यहाँको प्रकृति, कुलो, सार्वजनिक बाटो, सानो लामा बस्ती, सार्वजनिक जग्गा र वन क्षेत्रसमेत मासेको देखिएको छ। स्थानीयले गुनासो गरेसँगै भक्तपुरका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालको नेतृत्वमा जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी गण दुवाकोटका प्रहरी उपरीक्षक, नापी कार्यालय, उपत्यका विकास प्राधिकरण भक्तपुर शाखा, डिभिजन वन कार्यालय, सूर्यविनायक नगरपालिकाका प्रशासकीय प्रमुख, वडा अध्यक्ष र पत्रकारको टोलीसहित स्थलगत अनुगमन गरेको छ। प्रजिअ अर्यालले सो ठाउँमा प्रक्रिया पूरा गरेर कामगरेको देखिएन, सम्बन्धित निकायसँग अनुमति नलइ नआधिकृतरुपमा डोजर चलाएको पाइयो। त्यसैले सार्वजनिक जग्गा, वन क्षेत्र कति अतिक्रमण भएका छन्, सबैको आधिकारिक प्रतिवेदन तयार पार्नेछौं। गैरकानूनी भए हामी कारवाही गर्छौं। प्रक्रिया पूरागरेर नआएसम्मका लागि डोजर चलाउन र कामगर्न रोक्न निर्देशन गर्नेछु भन्नुभएको छ। उहाँले त्यस क्षेत्रमा समस्या अइसकेपछि यहाँका विषयतगत कार्यालयसँग छलफलगरी यथार्थ विवरण लिने र कम्पनीलाई बोलाएर सोधपुछगर्ने बताउँदै उहाँले सार्वजनिक जग्गा र वन क्षेत्र छुट्याएर सम्पूर्ण प्रक्रिया पूरागरेर नआएसम्मका लागि कुनै पनि काम नगर्न कम्पनीका नाममा लिखित पत्राचारगर्ने बताउनुभएको थियो। स्थानीयले साविक नंखेल-४ 'क' र 'ख' मा पर्ने उक्त क्षेत्रमा प्लटिङका नाममा जंगल क्षेत्र, खानेपानीको मूल, पाटी, कुलो, बाटो, पाइपलाइन, खोलालगायत संरचना मासिएको र जोखिममा रहेका छवटाघर लामा टोलका घरहरु भत्काएर बस्ती सारिएको छ। सुनपा-९ का वडाध्यक्ष भगवान् खत्रीले जग्गा प्लटिङ कम्पनीले दुईमहिना अगाडि सार्वजनिक सुनुवाइगर्दा त्यहाँका स्थानीयवासी, चारवटा गुठीसमेतको सहमति भएपछिमात्रै वडा कार्यालयले सूर्यविनायक नगरपालिकालाई सिफारिस गरेको बताउनुभएको छ। उहाँले यसअघि म आउँदा सार्वजनिक जग्गा र वन क्षेत्र मिचिएको थिएन, तर अहिले आउँदा १२ रोपनी सार्वजनिक जग्गा र १९ रोपनी वन क्षेत्र मिचिएको पाइयो भन्नुभएको छ। अनुगमन टोलीमै रहनुभएका सूर्यविनायक नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत तारानाथ लुइँटेलले नगपालिकाले उपत्यका विकास प्राधिकरणलाई सिफारिसम्म दिने बताउँदै यसलाई स्वीकृत दिने निकाय नगरपालिका नभइ प्राधिकरण भएको बताउनुभउको छ। उहाँले नगरपालिकामा जग्गा सम्याउने भनेर कम्पनीका **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## सुस्त बन्दैगएको मानव विकासको गति र राष्ट्रसंघको ताजा चिन्ता

**कर्तव्य**

विश्वमै मानव विकासको गति सुस्त बन्दैगएको देखिएको छ। संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (यूएनडीपी) ले हालै सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार, मानव विकासको प्रगति सन् १९९० यताकै सबैभन्दा सुस्त रहेको छ। संयुक्त राष्ट्र महासचिवका उपप्रवक्ता फरहान हकले गतसाता मंगलबार आयोजित नियमित पत्रकार सम्मेलनमा, सन् २०२०-२०२१ को गम्भीर संकटपछि विश्वले अपेक्षाअनुसार द्रुतगतिमा सुधारगर्ने विश्वास गरिएको थियो, तर त्यो सम्भव हुननसकेको बताउनु भएको थियो। उहाँले पत्रकार सम्मेलनमा कृत्रिम बुद्धिमत्ताको युगमा मानिस र सम्भावनाभन्ने शिर्षकको सन् २०२५ को मानव विकास प्रतिवेदन उद्धृतसमेत गर्नुभएको थियो। प्रतिवेदनमा सन् २०२४ को प्रक्षेपणअनुसार विश्वका सबै क्षेत्रहरुमा मानव विकास सूचकांकमा उल्लेखनीय सुधार नदेखिएको उल्लेख गरिएको छ। यदि यही अवस्था दीर्घकालीनरुपमा कायम रह्योभने संसार अझ असुरक्षित, विभाजित र आर्थिक तथा वातावरणीय संकटहरुप्रति झनै संवेदनशील बन्ने सम्भावना रहेको चेतावनी दिइएको छ। स्वास्थ्य, शिक्षा र आयजस्ता सूचकहरुमार्फत गरिएको विश्लेषणले कम विकास सूचकांक भएका मुलुक र उच्च सूचकांक भएका मुलुकहरुबीचको खाडल लगातार चौथोबर्ष पनि अझ फराकिलो बन्दैगएको देखाएको छ। विशेषतः न्यून सूचकांक भएका देशहरु व्यापारिक तनाव, ऋण संकट र प्रविधिमा आधारित बेरोजगार औद्योगिकीकरणका कारण थपसमस्यामा परेका छन्। यद्यपि प्रतिवेदनमा गरिएको सर्वेक्षणअनुसार धेरैजसो नागरिकहरु कृत्रिम बुद्धिमत्ताको प्रभावप्रति यथार्थवादी तर आशावादी दृष्टिकोण राख्ने देखिएका छन्। सर्वेक्षणमा सहभागी १० मध्ये छजनाले प्रविधिले रोजगार क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउने र भविष्यमा नयाँ प्रकारका रोजगारी सिर्जनगर्ने विश्वास व्यक्त गरेका छन्। त्यसैगरी संयुक्त राष्ट्रसंघले राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी अन्तर्राष्ट्रिय सहायतामा नाटकीयरुपमा कटौती गर्नुभन्दा धेरै अघिनै विश्वव्यापी महामारीपछिको पुनरुत्थान शक्ति गुमाउन थालेपछि, मानवताले सन् २०२४ मा विकासमा अप्रत्याशित र अस्थिर मन्दी दर्ता गरेको चेतावनी दिएको छ। जीवनस्तर, स्वास्थ्य र शिक्षाको मापनगर्ने संयुक्त राष्ट्रसंघको मानव विकास सूचकांक (एचडिआई) अनुसार सन् २०२३ सम्ममा विश्व कोरोनाको महामारीको आघातबाट बाहिर आएको थियो। हालै जारीगरिएको संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को वार्षिक प्रतिवेदनअनुसार पनि त्यो पुनरुत्थानले गति गुमाउँदै गरेको देखिन्छ। युएनडिपीका प्रमुख अचिम स्टेनरले यदि त्यो अस्थिर मन्दी नयाँ सामान्य बन्योभने सन् २०३० सम्ममा मानव विकासकोस्तर हाशिलगर्ने आशा दशकौंसम्म तलझर्न सक्छ जसले हाम्रो विश्वलाई कम सुरक्षित, बढी विभाजित र आर्थिक र पारिस्थितिक आघातको जोखिममा पार्न सक्ने चेतावनी दिनुभएको छ। हालै केही देशले घोषणा गरेको अन्तर्राष्ट्रिय सहायतामा गम्भीर कटौती - विशेषगरी संयुक्त राज्य अमेरिकामा, जहाँ ट्रम्पले कार्यक्रमहरु कटौती गर्नुभएको छ र मुलुकको मुख्य विदेशी विकास शाखा युएसएआइडी (युएसएड) लाई विघटन गर्नुभएको छ- ले यस समस्यालाई अझ बढाउने स्टेनरले एएफपीलाई एक अन्तर्वार्तामा बताउनुभएको सो संस्थाले उल्लेख गरेको छ। उहाँले यदि धनी देशहरुले विकासका लागि कोष दिन रोकेभने, यसले अन्ततः अर्थतन्त्र, समाजलाई असर पार्नेछ र मलाई लाग्छ यसले मानव विकास सूचकांक, कम आयु, घट्दो आय, थप द्वन्दको रेखामा एक वा दुईबर्ष तल पनि दर्तागर्ने बताउनु भएको छ। युएनडिपी विशेषज्ञहरु अझै सन् २०२४ मा देखिएको मन्दीको अन्तर्निहित कारणहरुबारे निश्चित छैनन्। तर उनीहरुले कम आयुमा प्रगतिको कमीलाई एक प्रमुख कारक पहिचान गरेका छन्, जुन कोरोनाको दुष्प्रभावसँग वा विश्वभर बढ्दैगएका युद्धहरुसँग जोडिएको हुनसक्छ। आर्टिफिसियल इन्टेलिजेन्स (एआई) ले विकास शुरुगर्ने अवस्था सिर्जनागर्न सक्ने युएनडिपीले सुझाव दिएको छ। स्टेनरले एआई व्यक्तिगत अर्थतन्त्रको विकासगर्न सम्भवतः सबैभन्दा ठूलो सम्भावित केन्द्रविन्दु हो, तर गरिब मानिसहरु, धनी मानिसहरु पनि फरक मार्गमा छन्। यसले हाम्रो जीवनको लगभग हरेक पक्षलाई परिवर्तनगर्ने बताउनु भएको छ।

यो मानिसहरुले कसरी प्रविधि प्रयोग गर्छन्भन्ने कुरामा निर्भरगर्ने प्रतिवेदनले जोडदिएको छ। प्रतिवेदनअनुसार जोखिमहरु छन्, गरीब देशहरुमा एआईको पहुँच धनी देशहरुमाजस्तो छैन र सांस्कृतिक पूर्वाग्रहले उपकरणहरु विकसितगर्ने तरिकालाई प्रभावपार्न सक्छ। उदाहरणका लागि चिकित्सा अनुसन्धानका लागि एआई प्रयोगगर्न बाधा हुनुहुँदैन भन्दै स्टेनरले हामी त्यो जोखिम कमगर्नका लागि डिजाइनगर्न सक्छौं भन्नुभएको छ। युएनडिपी प्रतिवेदनले भविष्य हाम्रो हातमा छ, प्रविधि मानिसहरुकाबारेमा हो, केवल वस्तुहरुमात्र होइन। आविष्कारको चमक-दमकभित्र महत्वपूर्ण छनोटहरु लुकेका छन्, थोरै वा धेरैले, जसको परिणामहरु पुस्तौंसम्म प्रतिध्वनित हुनेछन् भनेको छ। अर्कातिर संयुक्त राष्ट्रसंघीय शरणार्थी सम्बन्धी उच्च आयोग ( यूएनएचसीआर) ले जनाएअनुसार यमनभर झण्डै ४८ लाख मानिस हालसम्म पनि विस्थापित अवस्थामा रहेका छन्। जसमध्ये धेरैले पटक,पटक आफ्नो घर छाड्न बाध्य हुनुपरेको छ, जबकि सुरक्षित बसोबासका लागि आश्रय अभाव गहिरिँदै गएको छ। यूएनएचसीआरले सार्वजनिक गरेको एक विज्ञप्तिमा धेरै यमनी परिवारहरुका लागि सुरक्षित आश्रय अहिलेसम्म पनि सहज उपलब्ध छैन भनिएको छ। यसले विस्थापित समुदायहरुको अवस्था झनै संवेदनशील बनाएको उल्लेखगर्दै मानवीय सहायता तत्काल आवश्यक रहेको जनाएको छ। यमनमा पछिल्ला दुई बर्षदेखि द्वन्दमा केही कमी आएपनि गत एक दशकदेखि जारी सशस्त्र संघर्षका कारण जनजीवन असहज बनेको छ। सन् २०१४ को सेप्टेम्बरदेखि राजधानी सानासहित उत्तरी यमनको ठूलो भूभाग हुथी समूहको नियन्त्रणमा रहेको छ। सहायता प्रदानगर्ने संस्थाहरुले भने राहत कार्यमा बजेट अभावले समस्या थपिएको बताएका छन्। खाद्य असुरक्षा, स्वच्छ पानीको अभाव र समय,समयमा फैलिने रोगका कारण यमनमा मानवीय अवस्था झनै गम्भीर बनिरहेको छ। त्यसैगरी संयुक्त राष्ट्रसंघका मानव अधिकार उच्चायुक्त भोल्कर टर्कले गाजा क्षेत्रमा इजरायलले विस्तारगर्न लागेको सैन्य कारबाहीप्रति गहिरो चिन्ता व्यक्तगर्दै उक्त योजना फिलिस्तिनीहरुको गाजामा निरन्तर अस्तित्वमै खतरा ल्याउने दिशामा उन्मुख रहेको **बाँकी ७ पेजमा**

# आजको विश्व राजनीतिले लिन नसकेको बाटो

लोकनारायण सुवेदी



## बौद्धिक मञ्च

ब्रिटेनमा १८ औं शताब्दीको उत्तरार्द्धमा अनेक अभूतपूर्व परिवर्तनहरु भए, जसबाट आधुनिक आर्थिक समृद्धिको आरम्भ भयो। तर वर्षौंपछि मात्र त्यसलाई 'औद्योगिक क्रान्ति'को संज्ञा दिइएको थियो। त्यो नाम दिने काम अर्नाल्ड टायन्बी (१८५२-१९३०) ले गरेका थिए ।ती व्यक्तित्व यसै नामबाट चर्चित एकजना इतिहासकारका काका थिए। तिनको देहावसानपछि १८८४ मा 'लेक्चर्स अन दी इन्डष्ट्रियल रिभोल्यूसन अफ दी एट्टिन्थ सेन्चुरी' भन्ने किताब बेलायतमा छापियो। जसले 'औद्योगिक क्रान्ति' शब्दलाई लोकप्रिय तुल्यायो। बस्तुतः त्यो औद्योगिक क्रान्ति कतिपय परस्पर सम्वद्ध प्रविधिहरुको परिवर्तनको परिणाम थियो। ती परिवर्तनहरु त्यतिबेला मूलतः तीन क्षेत्रमा देखिएका थिए। सर्वप्रथम, त्यसले मानवीय कौशलको स्थानमा यान्त्रिक उपायहरु प्रयोगमा ल्यायो यद्यपि त्यो पनि मानबीय श्रम-कौशलकै भिन्न रुप थियो र हो। दोश्रो, मानिस र जनावरको शक्तिको स्थानमा बाफ, कोइला आदि गैर जैबिक तत्वको उपयोग त्यसक्रममा बढीभन्दा बढी हुन थाल्यो। अन्त्यमा तेश्रो तर महत्वपूर्ण कुरा ती दुवै तत्वको परिणामस्वरुप धातु तथा रसायनसँग जोडिएका उद्योगमा कच्चा पदार्थ प्राप्तगर्ने र तिनबाट हुने उत्पादनमा अभूतपूर्व परिवर्तन देखापर्न थाल्यो। डीयस ल्याण्ड्स्ले को ५० बर्ष अघि सन् १९६९ मा प्रकाशित पुस्तक 'दी अण्डबाउण्ड प्रोमिथियस'मा माथि उल्लिखित परिघटनाहरुको विस्तारपूर्वक उल्लेख गरिएको पाइन्छ।

यस प्रकार पहिलो औद्योगिक क्रान्तिले युगौंदेखि चल्दै आइरहेको उत्पादन व्यवस्थामा आमूल परिवर्तन गरिदियो। पहिलो पटक कारखानाको व्यवस्था अस्तित्वमा आयो। त्यसलेगर्दा शहरको चरित्र पनि बदलियो। गाउँहरुबाट सामन्ती व्यवस्थाको अवसानका कारण ठूलो संख्यामा मजदूर शहरतर्फ धकेलिए। भनिरहनु नपर्ला कि जहाँ केही मानिसहरु (मजदूर) त तत्कालै लाभान्वित पनि भए तर धेरै मानिसहरु शहरमा भौंतारिएर रहनुपर्ने स्थिति कायम रह्यो। गाउँघरका हातले चलाउने चर्खालाई कारखानाका कार्टराइट पावर लुमहरुले विस्थापित गरिदिए। पहिलो औद्योगिक क्रान्ति भएको झण्डै १०० वर्षपछि बल्ल विश्वमा विद्युतको प्रचलन आयो। त्यसले प्रकाश मात्र दिएन, अझ बढी कारखानाको सञ्चालनका लागि नयाँ ऊर्जा प्रदान गऱ्यो र उत्पादनमा ठूलो वृद्धि भयो। अनि मोटर गाडीहरु अस्तित्वमा आए, जसले बग्गीहरुलाई प्रायः पूरै मात्रमा विस्थापित गरिदिए। इस्पातको उत्पादन ठूलो स्तरमा हुन थाल्यो ।हवाई जहाज पनि अस्तित्वमा आयो भने टेलिफोनले सञ्चार क्षेत्रमा ठूलो क्रान्ति ल्यायो। त्यसभन्दा पहिला टेलिग्राफले विश्वका बिभिन्न भागलाई एकअर्कासँग जोडिदिएको थियो। पछिल्लो समयमा औद्योगिक क्रान्तिले तेश्रो लहरमा प्रवेश गरेको मानिएको छ।

बीसौं शताब्दीको आखिरी दशकको कालखण्डमा कम्प्यूटर तथा सूचना र सञ्चार क्रान्तिसँग सम्बन्धित प्रविधिमा तीब्रतररुपले भइरहेका परिवर्तनले धेरै कुरामा अभूतपूर्व फेरबदल ल्याइदिएको छ। टेलिग्राफको साथै पुराना टाइपराईटर तथा छापाखाना अब अतीतको गर्भमा समाहित भइसके वा हुँदैगएका छन्। ल्याण्डलाईन फोनको ठाउँमा मोबाइल फोन आइसकेको छ। अहिले त 'चालक विनाका गाडी गुड्ने', 'मानवरहित ड्रोन विमान उड्ने' जस्ता प्रविधिका साथै यस्ता यन्त्रहरु विकास भएका छन्, जसले सयौं भाषालाई एकैछिनमा अन्य भाषामा अनुवादगर्न सक्ने प्रविधि-क्षमता पनि आइसकेको छ। अक्सफोर्ड विश्वबिद्यालयका दुइ स्थापित अर्थशास्त्री कार्ल बेनेडिक्ट र माईकल आसबार्नले ७०० भन्दा बढी पेशा र व्यवसायको विश्लेषण गरेर के नतिजामा पुगेका छन्भने अमेरिकामा ४७ प्रतिशत पेशा व्यवसाय आउँदो समयमा खतरामा पर्नसक्छन्। हुँदाहुँदा नयाँ मोबाइलको पछिल्लो प्रविधिले बिरामी र डाक्टर तथा बिद्यार्थी र शिक्षक बीचको दूरी समाप्त पारिदिन थालेको छ। आउँदा वर्षमा रोजगारका अवसर र आम जनसाधारणमाथि यसको के असर पर्ने हो तत्काल केही भन्न सकिने स्थिति छैन। आज पोस्ट अफिस वा हुलाकको अवस्थालाई मात्र हेर्ने हो भने पनि त्यहाँ दुइ दशकयता तिनको अवसान कति तीव्र गतिमा हुँदै आएको छ प्रष्ट देख्न सकिन्छ। यथार्थतः पहिलो र दोश्रो औद्योगिक क्रान्तिकालमा जस्तै तेश्रो औद्योगिक लहरको बेलामा पनि मानिसको जीवनस्तर माथि उठ्ने छ र मानव कल्याणमा वृद्धि हुनेछ तर यस अन्तरिम कालमा पनि समाजका धेरै-धेरै मानिसले बदलिएको परिस्थिति अनुरुप आफूलाई ढाल्ने क्रममा धेरै कठिनाइहरुको सामना गर्नुपर्ने स्थिति आउन सक्छ।

अक्सफोर्ड विश्वबिद्यालयका दुइ स्थापित अर्थशास्त्री कार्ल बेनेडिक्ट र माईकल आसबार्नले ७०० भन्दा बढी पेशा र व्यवसायको विश्लेषण गरेर के नतिजामा पुगेका छन्भने अमेरिकामा ४७ प्रतिशत पेशा व्यवसाय आउँदो समयमा खतरामा पर्न सक्छन्। किनभने त्यहाँ यन्त्रको बढी मात्रामा उपयोग बढ्नाले मजदूरको माग तीब्ररुपमा घट्न सक्छ। समाजमा दक्ष र सम्पन्न मजदूर र समाजका अन्य मजदूरबीच ठूलो अलगावको स्थिति उत्पन्न हुन सक्छ। पूँजीपति र श्रमजीवीबीच अझ ठूलो विषमताको खाडल पर्न सक्छ। साथै क्षमताभन्दा कम रोजगारको संख्या बढ्न सक्छ। जसबाट लगानीमाथि खराब असर पर्न सक्छ। यो विकसित प्रविधिको असर व्यापारिक क्षेत्रमा पनि परेको देखिँदैछ। हालसम्म के मानिँदै आएको थियो भने विदेश व्यापारको माध्यमबाट गरीब देश आफ्नो निर्यात बढाएर विकासको दिशामा अघि बढ्न सक्छन् तर विकसित प्रविधिले ल्याएको परिवर्तनका कारण विनिर्माण कार्य स्वचालितहुँदै गइरहेका छन् र श्रमको माग घट्दै गइरहेको छ। कतिपय अर्थशास्त्रीले यसलाई समय पूर्वको 'अ-औद्योगिकरण' अर्थात् 'डि-इन्डष्ट्रियलाइजेसन' भन्ने संज्ञा पनि दिएका छन्। यसरी विकासशील देशका सरकार गाउँबाट शहरतर्फ पलायन भइरहेका मजदूरलाई विनिर्माणको क्षेत्रमा लगाउन नसक्ने स्थिति बन्दैगएको प्रष्ट छ ।दोश्रो विश्व युद्धपछि यूरोप र अमेरिकामा तीब्र समृद्धिको जुन कालखण्ड आरम्भ भएको थियो त्यो सन् १९७० दशक आउँदाआउँदै रोकियो। सन् १९९० को दशकयता त जापानमा पनि आर्थिक जडताको आरम्भ हुन पुग्यो। अन्य यूरोपेली देशहरु तथा अमेरिकामा पनि उतारचढाव देखियो। विकसित देशहरु सन् २००८ मा आरम्भ भएको वित्तीय अतिमन्दीको कालखण्डबाट एक दशकको उत्तरार्द्धमा पुग्दा पनि राम्रोसँग अझै उत्रिन सकेका छैनन्। बृटेन र अमेरिकामा मजदूर वर्गमाथि ठूलो बोझ बढिरहेको छ। १९९१ र २०१२ का बीच बृटेनमा १.५ प्रतिशत तथा अमेरिकामा मात्र १ प्रतिशत प्रतिवर्षका दरले वास्तविक मजदूरी बढेको छ। आर्थिक समृद्धि दरको तुलनामा मजदूरीको यो वृद्धि धेरै नै कम रहेको छ। जर्मनीको हालत पनि निकैनै खराब छ। वर्ष १९९२ र २०१२ का बीच वास्तविक मजदूरीमा मात्र ०.६ प्रतिशत वार्षिक वृद्धि भइरहेको थियो। इटली र जापानमा त यस कालखण्डमा खास कुनै वृद्धि नै भएको देखिएको छैन। आर्थिक इतिहासकार के बताउँछन् भने पहिलो र दोश्रो औद्योगिक क्रान्ति पछाडि पनि मजदूर वर्गमाथि सबैभन्दा बढी बोझ पऱ्यो। मजदूर वर्गको जीवन स्तरमा कुनै सुधार पनि आएन। यही अवस्था अहिलेको तेश्रो औद्योगिकरणको कालखण्डमा कायमै छ। अमेरिकामा विनिर्माण उद्योग अन्यत्र जाने तथा सेवा क्षेत्रको प्रमुखता बढ्नाले पनि अमेरिकी मजदूर वर्गको स्थितिमा कुनै सुधार देखिएको छैन। अर्थशास्त्री रबर्ट सोलोको के मान्यता छ भने सूचना र सञ्चारको क्षेत्रमा आएका परिवर्तनले दोश्रो औद्योगिक क्रान्तिपछि विद्युतीकरण, मोटर गाडीको आगमन तथा बेतारको सञ्चारले जत्तिको परिवर्तन गऱ्यो, त्यत्तिको परिवर्तन अहिलेको तेश्रो औद्योगिकीकरणको तेश्रो चरणमा आइरहेको छैन। कतिपय विज्ञको भनाइ अनुसार नयाँ प्रविधिले ल्याउने परिवर्तनको असर उत्पादकता र मजदूरी दरमा देखिनका लागि धेरै लामो समय लाग्न सक्ने छ। शिक्षा र स्वास्थ्य क्षेत्रमा परिवर्तन देखिन थालेको छ। अनलाइन पाठ्यक्रम क्षेत्रमा ठूलो परिवर्तन देखिन थालेको छ। १ जना प्रोफेसरले धेरै व्यक्तिको काम गर्न सक्ने स्थिति विकसित भएको छ। उसले अनलाइन कोर्स विकसित गरेर अमेरिकामा बसेर देश-विदेशका बिद्यार्थीलाई शिक्षा दिन सक्छन्। **बाँकी ७ पेजमा**

# गंभीर बिवादमा पर्दैगएको संक्रमणकालीन न्यायको काम

काठमाडौं। नेपालमा संक्रमणकालीन न्यायको काम गंभीर बिवादमा पर्दैगएको देखिएको छ। एकातिर द्वन्द पीडित, मानव अधिकारकर्मी र सत्ता बाहिर रहेका दलहरुले असन्तुष्ठि जनाउनेक्रम जारी छभने अर्कातिर सरकारले संक्रमणकालीन न्यायसम्बन्धी आयोगका पदाधिकारी सिफारिस समितिले उम्मेदवारहरुको गतसाताबाट अन्तरवार्ता लिनथालेको छ। सिंहदरबारस्थित कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा समितिले उम्मेदवारहरुको अन्तरवार्ता लिइरहेका समाचारहरु बाहिर आएका छन्। गत ३४ महिनादेखि रिक्त रहेको सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरुको अनुसन्धान आयोगका पदाधिकारीको नियुक्तिका लागि समितिले ३४ जनाको संक्षिप्त सूची तयार गरेको भनिएको थियो। उक्त सिफारिस समितिको छनोट प्रक्रियामै असन्तुष्टि जनाउँदै द्वन्द पीडितहरु र मानवअधिकार कर्मीहरुले तत्काल प्रक्रिया रोक्न मागगर्दै आएका छन्। उनीहरुले छनोट प्रक्रिया तत्काल नरोके समानान्तर आयोग गठनगर्नेसम्मको चेतावनी समेत दिएका छन्। गतसाता मंगलबार मानवअधिकारवादी १० वटा संस्थाले संयुक्त विज्ञप्ति जारीगर्दै उपरोक्त माग गरेका थिए।

भनिन्छ सिफारिस समितिले दलीय भागबन्डालाई प्रश्रय दिनेगरी संक्षिप्त सूची तयार पारेको र पहिल्यै निर्धारित व्यक्तिहरुलाई नियुक्तगर्ने मनशायले अपारदर्शि ढंगले सिफारिस प्रक्रिया अघिबढाएको उनीहरुको आरोप रहँदै आएको छ। दुई महिनाभित्र कार्य सम्पन्न गर्नेगरी गठित उक्त समितिको म्याद समेत आगामी जेठ १३ गते सकिदै छ। त्यसैले उक्त समितिले त्यसअघिनै सिफारिसगर्ने तयारी गरेको छ। भनिन्छ सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्षमा कांग्रेस र बेपत्ता आयोगको अध्यक्षमा एमालेको उम्मेदवार हुनेगरी शीर्ष नेताहरुबीच सहमति भइसकेको छ। एमाले अध्यक्ष भएको आयोगमा कांग्रेसका दुई सदस्य र कांग्रेस अध्यक्ष भएको आयोगमा एमालेका दुई सदस्य रहने तथा बाँकीमा माओवादी केन्द्रका एक/एक सदस्य रहने सहमति भएको छ। पीडित तथा नागरिक समाजका प्रतिनिधिहरुको समूहले प्रधानमन्त्री केपी ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई गतसाता सोमबार भेटेर दुवै आयोगहरुमा भागबण्डा नगर्न र पीडितका प्रतिनिधि पनि समावेशगर्न आग्रहगर्दै ज्ञापनपत्रसमेत बुझाएलगत्तै मंगलबारबाटै छनोट प्रक्रिया थालिनु गंभिर बिषय भएको छ। बिगत ३४ महिनादेखि रिक्त रहेको सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तीहरुको अनुसन्धान आयोगका पदाधिकारीको नियुक्तीका लागि गठित सिफारिस समितिको संक्षिप्त सूचीमा परेका ३४ जना उम्मेदवारहरुको अन्तर्वार्ता शुरुभएपछि त्यो ठूलो बिवादको बिषय भएको छ। सरकारले थालेको पछिल्लो कदममा प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र पनि नाराज रहेको देखिएको छ। पीडित तथा नागरिक समाजका प्रतिनिधिहरुको समूहले प्रधानमन्त्री केपी ओली, नेपाली कांग्रेसका सभापती शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाईनै भेटेर दुबै आयोगहरुमा भागवण्डा नगर्न र पीडितका प्रनितिधि पनि समावेशगर्न आग्रहगर्दै ज्ञापन पत्रसमेत बुझाएपछि पनि सरकारी पक्षले अटेर गर्नु भनेको बिवाद चर्काउने साजिस होभन्ने खालका चर्चाहरु हुनथालेका छन्। जबकी भेटकाक्रममा देउवाले पीडितहरुलाई आयोगमा पठाउनका लागि आफ्नातर्फबाट नाम दिन आग्रहसमेत गर्नुभएको थियो। उक्त समग्र प्रक्रिया शुरुदेखिनै विथोलिएकाले त्यसलाई विश्वसनीय बनाउन अन्तर्वार्ता लिने कामलाई स्थगित गर्नुपर्ने र नामावली पुनरावलोकन गर्नुपर्ने मानवअधिकारवादी संस्थाहरुको भनाई रहँदै आएको छ। त्यसअघि पनि १८ गते द्वन्दपीडितका बिभिन्न ३६ वटा संस्थाले सार्वजनिक खबरदारी जारीगरी छनौट प्रक्रियामा पारदर्शिता, पीडितको सहभागिता र विश्वसनीयताको माग गरेका थिए। उनीहरुको मागलाई सरकारले अनदेखागर्ने संभावना बढेपछि एड्भोकेसी फोरम नेपाल, एम्नेष्टी इन्टरनेशनल नेपाल, जवाफदेहिता निगरानी समिति, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), न्याय तथा अधिकार संस्था नेपाल (जुरी नेपाल), नेपाल मानव अधिकार संगठन (हुरोन), लिगल एड एन्ड कन्सल्टेन्सी सेन्टर नेपाल, ह्युमन राइट्स एन्ड जस्टिस सेन्टर, भोइसेस अफ विमेन मिडिया र कलेक्टिभ क्याम्पेन फर पीस (कोक्याप) ले गत २२ गते फेरी सरकारलाई छनोट प्रक्रिया तत्काल **बाँकी ७ पेजमा**

## साहित्य र सिर्जना

# लेखकहरुका बीचमा राष्ट्रपति पौडैल

काठमाडौं। नेपाली लेखक संघको नवनिर्वाचित केन्द्रीय कार्यसमितिलाई आफ्नो कार्यालयमा बधाई तथा शुभकामनादिँदै राष्ट्रपति रामचन्द्र पौडेलले लेखकहरु बिचार उत्पादनका केन्द्र भएको बताउनु भएको छ। उहाँले हरेक श्रष्टाले सिर्जनाका माध्यमबाट नवीन चिन्तन गरिरहने उल्लेख गर्नुभएको छ। उहाँले लेखक स्वयंमा सत्ता हो, संगठन, बिचार र आफैंमा अभियान पनि हो भन्नुभएको थियो। मुलुकभरका ३०१ प्रतिनिधि सहभागी संघको गत चैत १६ र १७ गते लुम्बिनीमा आयोजित आठौं राष्ट्रिय अधिवेशनले वियोगी बुढाथोकीको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको थियो। उक्त कार्यसमितिलाई राष्ट्रपतिले हालै एक कार्यक्रमबीच बधाई तथा शुभकामना दिनुभएको हो। उहाँले संघले लोकतान्त्रिक अधिकार, अभिव्यक्ति स्वतन्त्रता र प्रकाशन स्वतन्त्रताका पक्षमा वकालतगर्दै आएको इतिहाससमेत रहेको स्मरण गर्नुभएको थियो। लेखक संघले स्थापनाकालदेखि नै लोकतान्त्रिक मूल्यमान्यताको रक्षा र प्रवर्द्धनगर्ने उद्देश्यले सर्जकहरुको सामूहिक प्रयत्नलाई आफ्नो आदर्श मानेको उहाँको राष्ट्रपतिको भनाइ थियो। उहाँले यी कुराहरु लोकतान्त्रिक व्यवस्थाको आर्दशका लागि पूर्वशर्त हुन् भन्नुभएको थियो। राष्ट्रपति पौडेलले भर्खरै जन्मेको शिशु प्रजातन्त्रलाई संस्थागत गर्नुपर्ने ऐतिहासिक आवश्यकताका खातिर सर्जकहरुले आफ्नो सामाजिक दायित्व लेखक संघमार्फत पूरागर्न खोजेको यसका पुराना दस्तावेजहरुले देखाएको बताउनुभएको थियो। लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण समजस्ता साहित्यिक महारथीहरु संगठित भएको लेखक संघमा विश्वेश्वरप्रसाद कोइराला र हृदयचन्द्रसिंह प्रधानलगायतका हस्तीहरु पनि एकबद्ध भएको उहाँले चर्चा गर्नुभएको थियो। लोकतन्त्रवादी लेखकहरु लोकतान्त्रिक प्रणालीका पक्षधर भएको उल्लेखगर्दै राष्ट्रपति पौडेलले सातदशक लामो प्रक्रियामा लोकतन्त्रका आदर्शहरु धेरै सन्दर्भमा विशिष्टिकृत भएको बिचार व्यक्त गर्नुभएको थियो। कार्यक्रममा संघका अध्यक्ष वियोगी बुढाथोकी, सहअध्यक्ष मनोज न्यौपाने, उपाध्यक्षहरु डा शशि थापा पण्डित, डा विष्णु केसी, उपमहासचिव नारायण सापकोटाकासाथै केन्द्रीय सदस्यहरु महेन्द्र वाग्ले, इन्द्र लम्साल, सन्तोष बोहरा, शोभा अधिकारी, इन्दिरा निरौला, राजन बस्नेतसँगै संघका सल्लाहकारहरु डा विष्णुविभु घिमिरे, सन्ध्या पहाडी, शेखर गिरीलगायतको उपस्थिति थियो। नेपाली लेखक संघको स्थापना ००८ सालमा भएको हो। नेपालको पहिलो प्रजातान्त्रिक परिवर्तनपछि स्वतन्त्र बिचारधारा भएका लेखकहरु सङ्गठित भएर संघको स्थापना गरेको इतिहास छ।

# साहित्यकारलाई नाट्यरत्न प्रदान

काठमाडौं। रुपन्देहीका साहित्यकारलाई नेपाली नाटक विधाको क्षेत्रमा योगदान पुऱ्याएबापत नाट्यरत्न ०८२ ले सम्मान गरिएको छ। साहित्यकारहरु हेमराज भुसाल, कमल गाउँले, डिल्लीनारायण पाण्डेय, नारायण योगी, शान्तराम गिरी, प्राडा रामचन्द्र पोखरेल, दिल साहनी, झपेन्द्र जिसी, भावना खनाल, डा. नारायणप्रसाद पन्थ र पुष्कर रेग्मी अथकलाई नेपाली नाट्यरत्न सम्मान-०८२ ले सम्मान गरिएको हो। बुटवलमा आयोजित कार्यक्रममा लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगरले नेपाली साहित्यको श्रीवृद्धिमा नाटककारको योगदान महत्वपूर्ण रहेको बताउनुभएको थियो। उहाँले नाटक विधामा नेपाली नाट्यविमर्श महत्वपूर्ण रहेको बताउँदै नेपाली साहित्यको विकास र उन्नयनका लागि




लुम्बिनी प्रदेशमा प्रदेशस्तरीय प्रज्ञा-प्रतिष्ठान निर्माणगर्न मसौदा तयार भइरहेको बताउनुभएको थियो। लुम्बिनी वाङ्मय प्रतिष्ठान नेपालका अध्यक्ष ऋषि आजादको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्राज्ञ बुँद राना, संविधान सभाका सभासद नेत्रप्रसाद पन्थी, शिक्षाविद् लोकनाथ उपाध्याय, साहित्यकार जंगबहादुर शाहलगायतको उपस्थिति रहेको थियो। यसैबीच अर्को एक समाचारअनुसार साहित्यकार डा सागर न्यौपानेलाई गोधूलि कला साहित्य प्रतिष्ठानले यसबर्षको अरनिको अभियान राष्ट्रिय पुरस्कार प्रदानगर्ने भएको छ। प्रतिष्ठान पुरस्कार छनोट समितिको एक बैठकले गोधूलि-चिसकुमारी बाल-प्रतिभा पुरस्कार बालसाहित्यकार संगम बिकेलाई प्रदानगर्ने निर्णय गरेको अध्यक्ष प्रकाश समिरले जानकारी दिनुभएको थियो। त्यसैगरी प्रतिष्ठानले गोधूलि वाङ्मय शिखर अभिनन्दनबाट साहित्यकार होमनाथ सुवेदी, गोधूलि सत्यमोहन संस्कृति सम्मानबाट साहित्यकार पल्वीर जुग्जाली र गोधूलि काव्यश्री सम्मानबाट साहित्यकार लक्ष्मी मालीलाई सम्मानगर्ने निर्णय गरेको छ। त्यसैगरी गोधूलि अरनिको कला सम्मानबाट मूर्तिकार भुवन थापा, गोधूलि सिर्जना सम्मानबाट अनुवादक अणुराज जोशी, गोधूलि समाजसेवा सम्मान बाट समाजसेवी केशव सुनार, गोधूलि कला संस्कृति संरक्षण सम्मानबाट लोकसंस्कृति संरक्षक राम भण्डारीलाई, गोधूलि साहित्य जागरण सम्मानबाट साहित्यकार अज्ञात युवकलाई, गोधूलि कला-साहित्य सेवा सम्मानबाट समाजसेवी अर्जुन सहाशंकरलाई, गोधूलि युवा सिर्जनशील सम्मानबाट जजलकार रश्मी रोदन र गोधूलि युवा चित्रकला सम्मान बाट कलाकार अर्पिता पराजुलीलाई सम्मानगर्ने प्रतिष्ठानले निर्णय गरेको छ। यी पुरस्कार र सम्मान शुक्रबार कमलादिस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानमा आयोजित कार्यक्रममा प्रदान गरिने बताइएको छ।

# नेपालका सन्दर्भमा बढ्दो भ्रष्टाचार र न्युनीकरणका कुरा

**खिमराज गिरी**

केही वर्ष पहिला चीनमा उत्पादन भएको बच्चाको पाउडर दुध नेपालमा प्रयोगगर्दा केही बालबालिकाहरु बिरामी भए र त्यसको प्रतिवेदन सम्बन्धित देशको दुतावासमा बुझाउँदा चीनले यसको कारण पत्तालगाई उक्त कम्पनीमा कामगर्ने जिम्मेवार लिने प्रवन्धकको जागिरमात्र खाएन कि, उनलाई मृत्युदण्डको घोषणानै गऱ्यो भन्ने कुरा बिभिन्न सञ्चारमाध्यामममा ब्याप्त समाचार नै बन्यो। यस्तै सन् २०२४ को डिसेम्वरमा कोलम्बियाका अर्थमन्त्री रिकार्डो बोनिल्लाले आपत्कालिन व्यवस्थापनको लागि छुट्याइएको कोषमा अनियमितता भएको कुरा अनुसन्धानमा खुलेपछि पदबाट तुरुन्त राजिनामा दिन बाध्यभएका थिए। त्यसैगरी सन् २०२४ को नोभेम्वरमा माल्टाका पर्यटन मन्त्री क्लेटन बार्टोलोले पनि आफ्नो प्रेमिकालाई सरकारी कार्यालयमा काम गरेको बहाना बनाई तलव भत्तादिँदै आइरहेको पुष्टि भएपछि उनलाई सो पद र दलबाटसमेत राजिनामा दिन बाध्य बनाइयो। तर नेपालमाभने प्रायः जिम्मेवार ब्यक्तिहरुमा यस्तो नैतिकताको कमी नै पाइन्छ। सन् २०२४ मा ट्रान्सपरेन्सी इन्टरनेशनल द्वारा प्रकाशित भ्रष्टाचार धारणा सूचकांक (कोरप्टेड पर्सेप्सन इन्डेक्स, सिपिआई) अनुसार दक्षिण एशियाली मुलुकहरुको भ्रष्टाचारको स्थिति हेर्दा भूटान दक्षिण एशियामा सवभन्दा बढी अंक ७२ ल्याएर विश्वको १८ औं स्थानमा रहेको पाइयोभने नेपालले ३४ अंक मात्र प्राप्त गरेर १०७ औं स्थानमा छ।

त्यसैगरी अफगानिस्तानले जम्मा १७ अंकमात्र प्राप्त गरेर विश्वमा नै १६५ स्थानमा छ। त्यस्तै भारत ९६, माल्दिभ्स ९६, श्रीलंका १२१, पाकिस्तान १३५, बंगलादेश १५१ स्थानमा रहेको पाइएको छ। यसमा मूल्यांकनगर्दा भूटान दक्षिण एशियामा सवभन्दा कम भ्रष्टाचारगर्ने मुलुकमा पर्दछ। यसरी विश्व परिवेशलाई नियाल्ने होभने दक्षिण सुडान विश्वकै सवभन्दा बढी भ्रष्ट मुलुक हो र जसको स्कोर आठमात्र छ। त्यस्तै अन्य अत्यधिक भ्रष्ट मुलुकहरुमा सोमालिया नौ, भेनेजुएला १०, सिरिया १२ र यमन १३ नम्बर प्राप्तगर्नेमा देखिन्छन्। यसरी विश्वमा सवभन्दा कम भ्रष्ट मुलुकभनेर डेनमार्कलाई चिनिन्छ। जसको स्कोर ९० छ। फिनल्याण्डको ८८, सिंगापुरको ८४ र नयुजिल्याण्डको



८३ स्कोर रहेको छ। यसबाट के थाह हुन्छभने तेश्रो मुलुकभनेर चिनिने एशिया र अफ्रिकाका केही मुलुकहरु अत्यन्त भ्रष्टाचारीमा गनिन्छन् र मानवको लागि आवश्यक पर्ने गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य तथा रोजगारीबाट अझै पनि बञ्चित

## आर्थिक मञ्च

हुनुपरेको अवस्था छ। भलै उद्योगधन्दा र ब्यापार विजिनेस त परै जावस्। गत केही दिनदेखि नेपालमा चर्किंदै गएको शिक्षकहरुको आन्दोलनमा केही आन्तरिक कारण देखाई तत्कालिन शिक्षा मन्त्री बिद्या भट्टराईले नैतिकताको आधारमा राजिनामा दिनुपऱ्यो। आखिर शिक्षकहरुको जायज माग पूरा गर्नुपर्दछभन्ने मनशायले या केही आन्तरिक कुराहरुमा खटपट परेर हुनसक्छ तैपनि उहाँले आफ्नो नैतिकताको पाठ धेरै राजनीतिज्ञहरुलाई सिकाउनु भएकै हो। यी त भए केही स्वदेश तथा विदेशका राजनीतिक पद धारणा गरेका ब्यक्तिहरुले गल्ती या नैतिकताको पाठ सिक्दै दिएका राजिनामाको केही चर्चा तर नेपालजस्तो विकासशील राष्ट्रकावारेमा भ्रष्टाचार दिनानुदिन किन मौलाउँदै गइरहेको छ त ? यसवारेमा केही चर्चा गरौं। नेपालमा भ्रष्टाचारको गन्ध मौलाएको हिजो र आजमात्र होइन। यसको लामो इतिहास छ। राणाशासन कालमा पारिवारिक विरासतमा राज्य सञ्चालनहुँदा कसैले बोल्न सक्दैनथे। त्यस्तै पञ्चायती ब्यवस्थामा पनि भ्रष्टाचारले स्थान पाएकै हो र गाउँ गाउँमा विकासको लहर फैलाउने भन्ने नाममा राजामहाराजाहरुलाई निश्चित पहाडी इलाकामा सवारीको ब्यवस्था गरिन्थ्यो। नक्कली विकासको तानाबाना बुनेर मख्ख पारिन्थ्यो भनिन्छ। तथापी स्वं. राजा महेन्द्र तथा वीरेन्द्रको पालामाभने केही विकासको खाका तयार नभएकोभने होइन। ०४६ सालमा बहुदलीय प्रजातन्त्र आयो र संविधानमा नै जनताको मौलिक हक अधिकारका कुराहरु उल्लेख गरिए। निजी क्षेत्रमा सञ्चारमाध्यामहरु पनि धमाधम खुल्न थाले र हरेक क्षेत्रमा विकासको लहर खुल्न थाल्यो भनिएता पनि विकासको नाममा प्राकृतिक विनास र भ्रष्टाचारले पनि जरा गाड्न थाल्यो। पछि ०६२/६३ को गणतान्त्रिक आन्दोलनपश्चात् तीन तहको सरकार बन्यो र हरेक तहको सरकारमा राजनीतिक भागबण्डामा विचौलियाको हालिमुहाली भएर होला सायद विकासको नाममा विनियोजित गरिएको बजेटमा ठेक्कापट्टा दिने नाममा आफन्त, आफ्नाको नाममा बजेटको दुरुपयोगभई भ्रष्टाचारले झन प्रश्रय पाउँदै आयो।

विगतको भ्रष्टाचारको कहानी खोतल्ने होभने लाउडा, धमिजा काण्ड, बिभिन्न नदीनाला तथा प्राकृतिक सम्पदामा विदेशीसँग भएका स्वार्थका सम्झौताहरु, विविध हाइड्रोपावर, जंगलमा काठ तस्करी, बिभिन्न रिर्सोटहरु, यति, ओम्नी, बालुवाटार सरकारी जग्गा, मातातिर्थ जग्गा काण्ड, शालीनदी नजिक सरकारी जग्गा हड्पेर राजनीतिक नेतृत्वबाटनै गरिएको जग्गा प्लटिङ, बिभिन्ना सडक तथा खानेपानी आयोजनामा भागबण्डा नमिलेर समय समयमा देखिएको विवाद, बिभिन्न मन्त्रालयमा पियन, सुब्बादेखि अधिकृत तहसम्म तथा कार्यकारी निर्देशकसम्मले गरेका भ्रष्टाचारका काण्डले देश अव भ्रष्टाचारको आहालमा डुविसकेको छ। यो क्यान्सर रोगजस्तो यसरी जरा फैलिएको छकि अव नयाँ तन्त्र नआएसम्म यो पुरानो रोगले पारपाउनेवाला छैनभनेर ब्यापकरुपमा चर्चा परिचर्चा पनि गर्नेगरिन्छ र यो ब्यापक चुनौतीको विषय पनि बन्न पुगेको छ। गत साता सोमवारको नागरिक दैनिकमा 'सुपारी निर्यातमा संसदीय समिति नै बाधक' शीर्षकमा लेखिएको लेखमा किसानलाई सुपारी उत्पादनगर्न प्रोत्साहन गनूपर्नेमा उल्टो झन विदेशी सुपारी आयातगरी किसानको लागि सरकारी निकाय नै बाधक बनेको तथ्य उजागर गरिएको छ। त्यस्तै पोखरा विमानस्थल निर्माणगर्दा एकजना कर्मचारीको नाम नै उल्लेख गरिएको छ र त्यतिका विधि १० अर्ब रकम भ्रष्टाचारगर्नको लागि कस कसको मिलेमतो हुनसक्छ त्यसबारेमा गहिरो छानविन हुनुपर्ने हो तर गत सोमवारको कान्तिपुर दैनिकमा 'पोखरा विमानस्थलका नीतिगत निर्णयगर्नेको नाम किटान नगरी प्रतिवेदन बुझाइँदै'शीर्षकमा लेखिएको विवरणमा पनि सम्बन्धित निकायको औकात झल्किन्छ। त्यस्तै प्लटिङगर्ने नाममा भक्तपुरको काँक्राबारीमा स्थानीयको ब्यापक विरोध हुँदाहुँदै पनि विचौलियाहरुको बलमिच्याइँको कारण ब्यापक रुपमा बन मासेर जग्गा प्लटिङगर्ने कार्यलाई कसैले पनि रोक्न सकेको छैनभनेर गत साता सोमवारको नागरिक दैनिकमा उक्त समाचार छापिएको छ। उता शैक्षिक क्षेत्रको कुरागर्ने होभने नेपालको अध्ययन अझै पनि घोकन्ते बिद्या र सैद्धान्तिक शिक्षा प्रणालीमा सीमित छ तर विकसित मुलुकमाजस्तो व्यबहारिक शिक्षामा अझै पनि प्रयत्न गरिएको पाइँदैन। त्यसैगरी स्वास्थ्य क्षेत्रमाभने विशेषगरी तराई तथा सुदुरपश्चिम क्षेत्रलगायत देशका हरेक भागमा अवस्थित निजी तथा सरकारी अस्पत्तालहरुमा भवन निर्माण तथा अस्पत्तालका सामान खरिदगर्दा देखिएको भ्रष्टाचारको कहाली लाग्दो विवरण झन लाजैमर्दो देखिन्छ। यसको ज्वलन्त उदाहरण हो कैलालीको गेटा अस्पत्तालमा उपकरण खरिदगर्दा देखिएको भ्रष्टाचार जसको सिको मधेश प्रदेशका धेरै अस्पत्तालहरुले पनि गरेको पाइन्छ। यसरी हेर्दा भ्रष्टाचारका प्रमूख कारणहरुमा कमजोर राजनीतिक इच्छाशक्ति, अकर्मण्य प्रशासन, दण्डहीनताको संस्कार, जनताको मौनता र सचेतनाको कमि तथा डरपोक मनस्थिति, पारदर्शिता र उत्तरदायित्वको अभाव, तै चुप मै चुप अनि गुप चुप बस्ने बानी, आफन्तवादको किनारामा अल्झिएको मौनता आदि हुन्। आखिर को हुन् त जिम्मेवार ? नेपालमा भ्रष्टाचारको जिम्मेवारी भनेर कुनै एक ब्यक्ति या निकायलाई दोष थुपार्न सकिदैन। यसको समस्या भनेको संरचनात्मक **बाँकी ७ पेजमा**

# बालमन्दिरको जग्गा हिनामिना मुद्दा थप चर्किने तिर

काठमाडौं। बर्तमान सरकारका उप प्रधानमन्त्रि तथा शहरी विकास मन्त्रि प्रकाशमान सिंहकी दिदी रीतासिंह बैद्य अध्यक्ष रहेका बेला भएका घटनाहरुको छानविन हुनलागेकाले सो घटनाले सरकारभित्रै बबण्डर हुने राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। काठमाडौंको नक्सालमा रहेको नेपाल बाल मन्दिरको २८ रोपनी पाँच आना जग्गा हिनामिना प्रकरणमा १७ जनाविरुद्ध गतसाता मुद्धा दर्ता भएको छ। जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले गतसाता बुधबार जिल्ला अदालत काठमाडौंमा मुद्धा दायर गरेको हो। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)ले आवश्यक अनुसन्धानपछि जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाएको अनुसन्धान प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालयले थप छानबिन गरेर मुद्धा दर्तागरेको हो। सरकारी वकिलको कार्यालयले रिता सिंह बैद्यसहित १७ जनाविरुद्ध मुद्धा दर्ता गराएको हो। उक्त प्रकरणमा तीनजना भारतीय नागरिकलाई पनि प्रतिवादी बनाइएको पाइएको छ। बृहस्पति बिद्यासदनका सञ्चालक भारतीय नागरिकहरु अभिनव सिंघानिया, सिद्धार्थ केडिया र कीर्तिप्रसाद पाण्डेयविरुद्ध पनि मुद्धा दर्ता भएको छ। महान्यायाधिवक्ताको कार्यालयले काठमाडौंको नक्सालस्थित बालमन्दिरको जग्गा हिनामिनागर्नेहरु विरुद्ध ठगी मुद्धा चलाउने निर्णय गरेको थियो। सो प्रकरणमा नेपाल बाल संगठनका तत्कालीन पदाधिकारी, कर्मचारी र जग्गा लिजमा भोग गरिरहेको बृहस्पति बिद्या सदनका सञ्चालक विरुद्ध ठगीमा मुद्धा अगाडि बढाउने तयारी गरिएको पाइन्छ। अनाथका लागि सरकारले संगठनलाई उपलब्ध गराएको जग्गा तेश्रो पक्षलाई दिइएको बिषय गंभिररुपमा उठ्दै आएको छ। गत ०८१ सालको बैशाखको दोश्रो साता नेपाल बाल संगठनले बृहस्पति बिद्या सदनसँग गरेको लिज सम्झौता खारेज गरिएको थियोभने त्यसपछि बृहस्पति बिदा सदन उक्त खारेजी विरुद्ध उच्च अदालत पाटन गएको थियो। सो संगठनले मिलेमतोमा उपरोक्त जग्गा बृहस्पतिलाई आगामी बिसं २१३१ सालसम्म लिजमा दिनेगरी बदनियतपूर्ण निर्णय गरेको पाइएको छ। उक्त संझौताका बारेमा ०७८ सालमै प्रशंग उठेको थियो। त्यसपछि सो बिवाद सामसुमपार्न चलखेलसमेत भएका थिए। महान्यायाधिवक्ताको कार्यालयका प्रवक्ता सूर्यराज दाहालले यो प्रकरणमा ठगी भएको देखिएकोले तदनुसार दोषीउपर मुद्धा दायरगर्न सरकारी वकिल कार्यालय काठमाडौंलाई निर्देशन दिइएको बताइसक्नु भएको छ। अनाथ बालबालिकाको हेरचाह र रेखदेखका लागि गत पञ्चायतकालमै सरकारले बालमन्दिरका नाममा कायम गरेको जग्गा बालसंगठनका पदाधिकारी एवं कर्मचारी र बृहस्पति सदनका सञ्चालकहरुले मिलेमतोमा ०४९ देखि भोग गरिरहेको पाइएको छ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले उक्त हिनामिनाका विरुद्धमा अनुसन्धान गरेर रायसहितको प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयमा केही महिनाअघि नै पठाए पनि मुद्धादायर हुन सकेको थिएन। उक्त प्रकरणमा आर्थिक चलखेल र संगठनलाई हानि पुऱ्याएर जग्गा हिनामिना गरेकोभन्दै बाल संगठनले हिनामिनामा संलग्नविरुद्ध अनुसन्धान गर्न ०८१ बैशाख १४ मा सीआइबीमा पत्र पठाएको थियो। सोही दिन बृहस्पतिसँगको लिज सम्झौता खारेज पनि गरेको **बाँकी ७ पेजमा**

# सहकारीमा बचतकर्ताहरु अन्योलमा

काठमाडौं। बिभिन्न स्थानमा सहकारीको रकम अपचलन गर्नेक्रम जारीनै रहेको देखिएको छ। हालै प्राप्त एक समाचारअनुसार झापाको विर्तामोडस्थित पातालगंगा बचत तथा ऋण सहकारी संस्थाका पूर्वअध्यक्ष रेवती खनाल सहकारी संस्थामा बचत अपचलन गरेको आरोपमा गतसाता पक्राउपरेका छन्। इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायब उपरीक्षक बिजय श्रेष्ठले खनाललाई धनगढीबाट पक्राउगरेर झापा ल्याइएको जानकारी दिनुभएको छ। खनाललाई जिल्ला अदालत झापामा उपस्थित गराइएको थियो। खनाल ०७८ भदौ २३ गते आफू, पत्नी, भाइ, बहिनी र मामाससुराका नाममा दुई करोड छलाख आठ हजार ३८३ ऋण निकालेर फरार भएका थिए। ०७८ कात्तिक १६ गते संस्थाका उपाध्यक्ष टंकप्रसाद भेटवालले खनालविरुद्ध इलाका प्रहरी कार्यालय अनारमनीमा जाहेरी दिनुभएको थियो। सो सहकारीमा एक हजार ५०० भन्दा बढी सदस्य छन्। सदस्यको बचत हिनामिना गरेर खनाल फरार भएपछि अध्यक्ष चयन हुनुभएका युवराज गिरीले निजी घरजग्गा बैंकमा धितो राखेर निकालेको पैसाले बचतकर्ताको रकम फिर्ता भइरहेको बताउनुभएको छ। झापा **बाँकी ७ पेजमा**

## समाचार विविध

# प्रदेश र स्थानीय तहको अनुदान कटौती

काठमाडौं। राजस्व संकलन कमजोर भएपछि प्रदेश र स्थानीय तहको अनुदान कटौती गरिएको थाहा भएको छ। चालु आब ०८१/८२ को तेश्रो त्रैमासिक अवधिसम्ममा राजस्व संकलन वार्षिक लक्ष्यको तुलनामा निकै कमजोर देखिएपछि केन्द्र सरकारले प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण शीर्षकको अनुदान कटौती गरेको हो। यसअघि सरकारले सो शीर्षकमा प्रदेश र स्थानीय तहमा जाने तेश्रो किस्तावापतको अनुदान पनि कटौती गरेको थियो। अर्थ मन्त्रालयले गत १६ गते महालेखा नियन्त्रक कार्यालयलाई पत्र लेख्दै चौथो किस्ताबापतको वित्तीय समानीकरण अनुदान कटौतीगर्न निर्देशन दिएको थियो। अर्थ मन्त्रालयको सो निर्देशन पछि महालेखा नियन्त्रक कार्यालयले देशभरका कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई परिपत्रगर्दै वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ताबापतको २०.६८ प्रतिशत हिस्सामात्रै पठाउन भनेको थियो। महालेखा नियन्त्रक कार्यालयको परिपत्रमा आब ०८१/८२ को चैत मसान्तसम्म वार्षिक लक्ष्यको तुलनामा ८२.७२ प्रतिशतमात्र राजस्व संकलन भएको र सोही अनुपातमा वित्तीय समानीकरण अनुदान हस्तान्तरणगर्न अर्थ मन्त्रालयबाट लेखीआएको भनिएको छ। यसरी लक्ष्यअनुसार राजस्व उठ्न नसकेका कारण प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान शीर्षकमा चौथो त्रैमासिक किस्ताबापत विनियोजित रकमको २०.२८ प्रतिशतले हुनआउने रकम मात्रै हस्तान्तरणगर्न भनिएको छ। महालेखा नियन्त्रक कार्यालयको परिपत्रलाई आधार मान्ने होभने यसबर्ष प्रदेश तथा स्थानीय तहहरुले कूल स्वीकृत वार्षिक बजेटमध्ये चौथो किस्तासम्मको ९१.७६ प्रतिशत बराबरमात्रै बजेट पाउने भएका छन्। यसअघि अर्थ मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा जाने वित्तीय समानीकरण अनुदानको तेश्रो किस्ताबापतको रकममा पनि कटौती गरेको थियो। गत माघ २९ गते महालेखा नियन्त्रक कार्यालयले सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई पत्र पठाउँदै तेश्रो किस्ताबापतको वित्तीय समानीकरण अनुदानमा बार्षिक बजेटको ६३.२४ प्रतिशत नबढ्ने गरी बजेट निकाशागर्न भनेको थियो। प्रदेश तथा स्थानीय तहको चर्को विरोधपछि महालेखा नियन्त्रक कार्यालयले त्यसलाई संशोधन गरेर गत फागुन १३ गते अर्को परिपत्रगर्दै वित्तीय समानीकरण अनुदानको तेश्रो किस्ताबापतको भुक्तानी हुने रकम केही बढाएको थियो। जसअनुसार तेश्रो किस्ताबापतको २५ प्रतिशतमध्ये २१.०८ प्रतिशतअर्थात् कूल स्वीकृत वार्षिक बजेटमध्ये तेश्रो किस्तासम्मको ७१.०८ प्रतिशत नबढ्नेगरी वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन भनेको थियो। वित्तीय समानीकरण अनुदान कटौतीबाट स्थानीय तहहरुलाई श्रोत व्यवस्थापनमा ठूलो चुनौती सिर्जना हुने नेपाल नगरपालिका संघका उपाध्यक्ष कृष्णप्रसाद सापकोटाको भनाई छ। गत बर्ष पनि सरकारले अनुदान कटौतीगर्ने निर्णयपछि गाउँपालिका राष्ट्रिय महासंघ, नगरपालिका संघलगायतले विरोध गरेका थिए।

# भ्रष्टाचारको अन्तराष्ट्रीयकरण भयो

काठमाडौं। नेपालको भ्रष्टाचारको अन्तराष्ट्रीयकरण भएको खुलाशा भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले उपरोक्त खुलाशा गर्नुभएको हो। उहाँले नेपालमा भ्रष्टाचार गरेर विदेशमा सम्पत्ति जम्मागर्ने प्रवृत्ति अत्यधिक बढेको बताउनुभएको छ। राष्ट्रियसभाअन्तर्गतको संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको हालैको एक बैठकमा आयोगको ३४ औं वार्षिक प्रतिवेदन ०८१/८२ माथिको छलफलकाक्रममा प्रमुख आयुक्त राईले भ्रष्टाचारजन्य गैरकानुनी क्रियाकलापबाट पूँजी पलायन बढेको बताउनुभएको थियो। उहाँले भ्रष्टाचारको अन्तरराष्ट्रियकरण हुनथालेको छ। यसको जरो विदेशसम्म पुगेको छ। यहाँ भ्रष्टाचार गरेर आफ्ना छोराछोरी आफन्तलाई विदेशमा पैसा पठाएर त्यहाँबाट रेमिट्यान्सकारुपमा त्यो रकम नेपाल आइरहेको हुनसक्छ भन्नुभएको थियो। नेपालमा भ्रष्टाचार गरेको रकम विदेशमा पठाएको थाहापाएर अख्तियारले संयुक्त अरब इमिरेटस्, सिङ्गापुरलगायत देशमा गएको पैसा फिर्ता ल्याउन प्रयास गरेपनि द्विपक्षीय सम्झौता नभएका कारण त्यो सम्भव नरहेको पनि उहाँले उल्लेख गर्नुभएको थियो। उहाँले द्विपक्षीय सम्झौता हुन नसक्दा भ्रष्टाचारको पैसा विदेशबाट फर्काउन सकिएको छैन। सिंगापुरले त्यस्तो पैसा फर्काउने प्रतिबद्धतासमेत जनाएको छ। तर हामीले त्यस्तो खालको सम्झौता उसँग गरेका रहेनछौँ। सुनकाण्डबारे बुझ्न एउटा टोली हङकङ गएको थियो। त्यहाँ पनि दुईपक्षीय सम्झौता नभएकै कारण उक्त टोली घुमघाममात्रै गरेर फर्किएको बताउनु भएको थियो। त्यसैगरी उहाँले नेपाल वायुसेवा निगमको वाइडबडी विमान खरिद प्रकरणमा अनुसन्धानका लागि अमेरिकाले सहयोग नगरेको खुसाला पनि गर्नुभएको थियो। त्यसैगरी समितिको बैठकमा सांसदहरुले अख्तियारले ठूला भष्ट्राचारीलाई उन्मुक्ति दिनेगरेको, राजनीतिकरुपमा पक्षपाती भएर निर्णय लिने गरेको, शक्तिशालीहरुको प्रभाव त्यहाँ रहेकालगायत विषय उठाझउनु भएको थियो। यसबर्ष २९ हजारभन्दा बढीको संख्यामा उजुरी आइसकेको पनि राईको भनाइ थियो।

# राजमोद्वारा नीति तथा कार्यक्रमको बिरोध

काठमाडौं। राष्ट्रिय जनमोर्चा, नेपालले सरकारले संसदमा प्रस्तुत गरेको आब ०८२/८३ को वार्षिक नीति तथा कार्यक्रमको बिरोध गरेको छ। सो मोर्चाका अध्यक्ष चित्रबहादुर केसीले विज्ञप्तिमार्फत दशकौंदेखि वार्षिक नीति तथा कार्यक्रममा समावेश गरिँदै आएका तर कार्यान्वयन नगरिएका नीतिहरुको पुनरावृत्ति भएको बताउनुभएको छ। सो पार्टीले वार्षिक नीति तथा कार्यक्रम ल्याउँदा सरकारका प्राथमिकताका क्षेत्र छुट्याउने गरेको, प्राथमिकता क्षेत्रको स्पष्ट खाका ल्याउने गरिएपनि यसपटक कुनै प्राथमिकताको क्षेत्र नतोकिएको उल्लेख गरेको छ। मोर्चाले नीति तथा कार्यक्रमको लक्ष्य र गन्तव्यनै स्पष्ट छैन भनेको छ। मोर्चाले गणतन्त्र, धर्मनिरपेक्षता तथा समावेशीतालाई रक्षागर्दै संविधानको संशोधनको आवश्यकतामाथि जोड दिएको जनाएको छ। विज्ञप्तिमा भूमिमाथि सामन्ती स्वामित्व कायम राखेर, निजीकरण, उदारीकरणमा जोडदिएर समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण हुनसक्दैन। समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणका लागि सामन्ती भूस्वामित्वको अन्त्य हुनुपर्छ भनिएको छ। सरकारको नीति र कार्यक्रमले दलित समुदायलाई आर्थिक सामाजिक तथा शैक्षिक क्षेत्रमा बलियो बनाउन कुनै नीति अगाडि नसारेको पनि मोर्चाले उल्लेख गरेको छ। राजमोले यसअघि पनि आफ्नो प्रतिक्रियामा सरकारको नीति तथा कार्यक्रम पुनरलेखनगर्न आवश्यक भएको भनेको थियो।

## बालमन्दिर....

थियो। त्यसकै आधारमा अनुसन्धान सकेर सीआईबीले प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेश गरेको थियो। संगठनकी अध्यक्ष बिद्या न्यौपानेले लिज सम्झौता सकिन १७ बर्ष अवधि बाँकी छादै थप ४३ वर्ष बृहस्पति सदनलाई नै दिनेगरी पहिले भएको सम्झौता खारेज गरेपछि बिवाद बढेको थियो। २९ रोपनी जग्गा वार्षिक ९० लाख रुपैयाँमा भाडा बुझाउनेगरी बिनाप्रतिस्पर्धा दिइएको पाइएको छ। बृहस्पतिले पनि सो जग्गा लिजमा लिएपछि भारतीय शिक्षा बोर्डअन्तर्गत सञ्चालित राई स्कूललाई भित्र्याएको देखिउको छ। वार्षिक ६० लाख राई स्कूलबाट लिनेगरी बृहस्पतिले अर्को सम्झौता गरेको थियो। भनिन्छ लिखितमाभने त्यो रकम एकलाखमात्र देखाइएको छ। गत ०२१ सालको मंसिरमा तत्कालीन सरकारले सीता भवनका नामले चिनिएको उक्त परिसरको ११९ रोपनी जग्गा राणा प्रधानमन्त्री भीम शमशेरका खलकलाई मुआब्जा दिई अधिग्रहण गरेको थियो। यसरी अधिग्रहण गरिएको जग्गा अनाथ र असहाय बालबालिकाको रेखदेख, शिक्षा र संरक्षणका लागि बाल संगठन खोली प्रयोग गरिएको थियो।

## शिक्षक....

परिवेश नै हो र जसमा राजनीतिक गन्धमा पोषित कर्मचारी प्रशासन पनि केही हदसम्म दोषी देखिन्छ। अन्यथा एउटा सुब्बाको पदमा जागिर खाएको ब्यक्ति २२ वर्षपछि जागिरबाट अवकासहुँदा उसको सम्पति करिब २२ करोड देखिन्छभने यसलाई भ्रष्टाचार भन्नेकि नभन्ने ? यसमा दोषी को त ? त्यस्तै भ्रष्टाचारमा दोषी मध्येमा राजनीतिक दलहरु पनि देखिन्छन्। यसमा सवभन्दा बढी दोषी राजनीतिक दलमा पनि सत्तारुढ दल नै हुन्। सत्ता टिकाउनको लागि हरेक अर्कोतिर प्रहरी, अख्तियार तथा अदालतको मौनता पनि यसको कारक तत्व हुनसक्छ भनेर बुद्धिजीवीहरु भन्दछन्। अझ देशमा भ्रष्टाचारमा बढी जिम्मेवार र दायित्व लिनुपर्नेदेखिएको नागरिक समाज र मिडिया नै हो। किनभने डर, त्रास, भाइचारा प्रबृत्ति, आफन्त, छिमेकी आदि कारणले समाजमा वस्ने प्रत्येक जिम्मेवार विद्वान ब्यक्तिहरु यसमा मौन बसिदिन्छन् र टुलुटुलु आफ्नै आँखा अगाडि भएका यस्ता दुर्गन्धित फोहोरको डँगुरलाई फाल्ने चेष्टा कसैले गरको पाइँदैन। त्यस्तै केही मिडियामा निश्पक्षता नहुनु पनि भ्रष्टाचारको कारकको रुपमा पाउन सकिन्छ। भ्रष्टाचारले देशको विकासमामात्र होइन जनताको आत्मविश्वास र विविध संस्थाहरुको वैधानिकतामासमेत गम्भीर आघात पुऱ्याएको छ। हरेक वर्ष स्थानीय, प्रदेश तथा संघमा गरी अर्बौ रुपैयाँ हिनामिनाहुँदा विकासका योजनाहरु अलपत्र परेको अवस्था छ। असारे विकासले प्रश्रय पाएर यसमा झन क्षति बेहोर्नु परेको छ। ग्रामिण क्षेत्रका स्वास्थ्य चौकी, बिद्यालय, सडक, खानेपानीजस्ता सेवासुविधामा गुणस्तरीयता पाउन नसक्नुको मूख्य कारणनै यही हो। यसरी भ्रष्टाचारको कारणलेगर्दा दैनिक हजारौं युवाहरु देशको यस्तो अवस्थाबाट वाक्क दिक्क भएर विदेश पलायन भइरहेका छन्। नेपालमा मिहिनेतकोभन्दा पँहुच, आफन्तवाद, नातावाद, कृपावाद तथा घुसको मूल्य अमूल्य हुने भएकोले पनि युवा पुस्ताहरु नेपालमा वस्न रुचाउँदैनन्। यो दीर्घकालिनरुपमा देशको लागि चुनौतीको विषय हो। त्यस्तै कतिपय अवस्थामा न्यायप्रणालीमाथि नै विश्वासको संकट देखिन्छ। आखिर भ्रष्टाचारमा दोषी को त ? यसको पहिचानको सवालमा पनि मुद्धा जटिल बनेको छ। यसर्थ भ्रष्टाचारले मुलुकको आर्थिक, सामाजिक, नैतिक तथा साँस्कृतिक संरचनालाई क्षतविक्षत बनाएको छ तर हरेक जिम्मेवार निकायभने मौनतामा अल्भिरहेको अवस्था छ। यसमा सवै निकायहरु आआफ्नो कर्त्तब्यबाट विमुख हुनुहुँदैन र सरकारी निकायले निश्चित कानुनी मापदण्डलाई तदारुकताकासाथ पालना गराउनु पर्दछ र यदि सवैले नैतिकताको धरातल नविर्सी सातपुस्ताको चिन्तन नगरी ब्यक्तिगत र पारिवारिक स्वार्थभन्दा पनि राष्ट्रिय स्वार्थमा ध्यानदिने होभने भ्रष्टाचारको यो रोग विस्तारै निर्मूलहुँदै जानेछ अन्यथा यसले जरो गाड्दै जाने होभने नेपालको विकासको परिकल्पना आखिर कल्पनामामात्र सीमित हुने कुरामा कसैको दुईमत नहोला। यसको लागि कडा कानूनी कारवाही, प्राविधिक पारदर्शिता, चेतनामा बृद्धि, विकासको काममा स्थानीय तहलाई जिम्मा दिने कार्यमा पुनर्विचारगर्ने तथा विकासको काममा जनताको सहभागिता भएको अवस्थामा भ्रष्टाचार केही हदसम्म न्युनरुपमा देखापर्ने सम्भावना देखिन्छ।

## गंभिर....

अघिनबढाउन भनेका थिए। उनीहरुले संक्रमणकालीन न्याय प्रक्रिया पीडित केन्द्रित नभए असफल हुनसक्नेभन्दै खबरदारी गर्दैआएका छन्। पदाधिकारी छनौटका नाममा पटक, पटक एउटै ब्यक्तिहरुलाई राखी सिफारिस समिति गठन गरिनु, पुरानै ढर्रामै छनौट प्रक्रिया अगाडि बढाइनु, र प्रक्रिया विश्वसनीय र पारदर्शी बनाउनेभन्दा झन् यान्त्रिक र कर्मकाण्डी बनाउने काम भएको उनीहरुको जिकिर रहेको देखिएको छ। समितिले उपयुक्त व्यक्तिको सक्रियतापूर्वक खोजी नगरी दलीय भागबण्डाको आधारमै नाम सिफारिसगर्न लागेकाले छनौट प्रक्रियाप्रति पीडित समुदायको विश्वास र भरोसा टुट्दैगएको देखिएको छ। अब उपरोक्त संस्थाहरुले पीडित समुदायको नेतृत्व तथा पहलमा बैकल्पिक नागरिक सत्य आयोग गठन गर्नसक्ने चर्चा हुनथालेको छ। प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रलेभने सरकार र मानव अधिकारवादी संस्थाबीचको द्वन्दलाई थप चर्काउन खोजेको देखिएको छ। के भनिन्छभने बर्तमान सरकारले बनाएको संक्रमणकालीन न्याय सम्बन्धी ऐनमै बिवाद रहेको छ। उक्त ऐन अन्तराष्ट्रिय कानून, राष्ट्रसंघको परामर्श र नेपालकै सर्बोच्च अदालतका कतिपय फैसला बिपरित रहेको छ। त्यसैले सरकार आफ्नो कदमबाट तत्काल पछाडि नहटेको खण्डमा नेपालको शान्ति प्रक्रियामै असरगर्ने ठानिएको छ। जनयुद्धकालीन माओवादीको मुख्य घटक क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले त ०६३ मंसिर पाँचगते भएको शान्ति संझौतानै असफल भएको बताउँदै आएको छ।

## आजको....

यसरी नै चिकित्सा क्षेत्रमा डाक्टरले एकै ठाउँमा बसेर बिरामीसँग कुराकानी गरेर उचित उपचारको विधि र उपाय बताउन र उपचार गर्न सक्छन्। यस पूरा प्रक्रियामा पहिलाको अपेक्षा धेरै कम खर्च हुने पनि देखिएको छ। टाढा बसेका डाक्टरले गम्भीर प्रकृतिका बिमारीलाई पनि सरसल्लाह र उपचारका उपाय बताएर उपचार गरिरहेका छन्। विकसित देशमा उन्नत प्रविधिको क्षेत्रमा भइरहेका परिवर्तनले सबैभन्दा बढी मजदूरहरु प्रभावित भएका छन्। उनीहरुको पुरानो पेशा समाप्तहुँदै गइरहेका छन्। त्यसले गर्दा त्यहाँका सरकारले त्यस्ता मजदूरलाई उपयुक्त प्रशिक्षण दिएर अन्य उपयुक्त काममा लगाउनुपर्ने दायित्व छ तर सरकारले यो उत्तरदायित्वको निर्वाह सायदै गर्छन्। फलतः मजदूरका लागि निरन्तर बेरोजगारीको वृद्धि भइरहन्छ। जस्तो कि चालकविहीन रुपमा चल्ने गाडीको निर्माणले लाखौंलाख चालक बेरोजगार हुने र त्यसरी विस्थापित भएका चालकलाई अन्यत्र लगाउन त्यति उच्च शिक्षा र लामो प्रशिक्षणको आवश्यकता नपर्ने भएकाले पनि उनीहरु विस्थापित भएर सडकमा आउँदा अन्यत्र सहजै लाग्नसक्ने स्थिति पनि रहेको हुँदैन। एक सयम थियो जहाँ बग्गीहरुको खुब प्रचलन थियो तर जीप र बसको चलन आएपछि बग्गी विस्थापित भए। बग्गी चलाउने र घोडाको हेरचाहगर्ने मानिस बेरोजगार बने भने गाडी चालकको माग बढ्यो। प्रष्ट छकि प्रविधिको विकास र परिवर्तनबाट सबैभन्दा पहिला मजदूर नै प्रभावित हुने गर्छन्। उनीहरुले बेरोजगारी तथा आयमा कटौतीको सामना गर्नुपर्छ। बितेको ३० वर्षको कालखण्डलाई केलाउँदा तेश्रो औद्योगिक क्रान्तिको प्रविधिको विकासको क्रममा मजदूर वर्ग नै सबैभन्दा बढी प्रभावित भएको देखिन्छ। विकसित देशहरु हुन् वा विकासशील देश सर्वत्र नै मजदूरलाई प्राप्त हुने सकल घरेलु उत्पादनको हिस्सेदारी घटेको छ। एउटा आंकलनकाअनुसार १९८० को दशकको आरम्भिक वर्षहरुदेखि लिएर हालसम्म मजदूर वर्गको हिस्सेदारीमा झण्डै पाँच प्रतिशत घटेको छ। सन् २००० देखि २०११ को बीचमा अमेरिकी ब्यूरो अफ लेबर स्ट्याटिस्टिकका अनुसार प्रतिमजदूर वास्तविक उत्पादन २.५ प्रतिशत प्रतिवर्षका दरले बढेको छ जबकि वास्तविक मजदूरीमा प्रतिवर्ष वृद्धिभने एक प्रतिशतभन्दा पनि कम छ। यसरी सकल घरेलु उत्पादनको वितरण स्पष्टरुपमा पूँजीको पक्षमा रहन्छ। थोमस पिकेट्टीकाअनुसार बितेको १०० वर्षको कालखण्डमा असमानताको चरित्रमा परिवर्तन आएको छ। आजका धनाढ्य मानिस पनि उत्पादनमा सक्रिय सहभागी हुने गर्छन् र मजदूर वर्गले पाउने एउटा ठूलो हिस्सा तिनकै झोलीमा पर्दछ। ध्यानपूर्वक हेर्ने हो भने असमानताको चरित्र आज बदलिँदै आएको छ। आज मजदूर वर्गलाई मिल्ने उत्पादनको हिस्सा एकदमै धेरै कम भएको या हुँदैगएको छ। सन् १९९० को दशकयतादेखि दक्ष मजदूर वर्गको माग त बढेको छ तर कम प्रशिक्षित मजदूरको माग घट्दैगएको छ। यता केही वर्षदेखि शारीरिक कामगर्ने मजदूरको माग बढेको छ। कार्यालयमा सरसफाई, ट्रक सञ्चालन जस्ता आदि क्षेत्रमा यस्ता मजदूरको माग एक हदसम्म बढेको छ। निश्चय नै कम दक्षता, कम उत्पादकता र कम मजदूरी भएका मजदूरको माग बढेको छ तर यस क्षेत्रमा मजदूरबीच प्रतिद्वन्दीता बढ्न गएकाले मजदूरीमा अत्यन्तै कम वृद्धिभएको देखिएको छ। नयाँ,नयाँ उन्नत प्रविधिको विकास र तिनको विस्तार तथा उपयोगका कारण प्रशिक्षित मजदूरको संख्यामा तीब्र गतिले बढ्दैगएको छ। तिनलाई विकसित स्वचालित प्रविधिका कारण आफ्नो कामबाट बाहिर धकेलिँदै लगेको छ। यसरी एकातिर मजदूरबीचमा नै प्रतिद्वन्दिता भइरहेको छभने उनीहरुले नयाँ विकसित स्वचालित यन्त्रहरुसँग (प्रविधिसँग) पनि प्रतिस्पर्धा गर्नुपरिरहेको छ। परिणामतः विकसित होस् वा विकासशील देश हरेक देशका मजदूरहरुको उत्पादनमा हिस्सेदारी आज घट्दैगएको छ। यसले गर्दा प्रविधि र मानव जनशक्तिबीच बेमेल एकातिर छभने उत्पादनको सामाजिकता र पूँजीको बैयक्तिक्ता अर्थात केन्द्रीकरणबाट बिकसित र चालु हुने तीब्र शोषण अर्कोतिर छ। यसको उचित व्यवस्थापन विना समस्याको हल हुने देखिँदैन। यसको हल कसरीगर्ने आजको विश्वको ठूलो चुनौती छ। बस्तुबादी बिश्लेषकहरु बैज्ञानिक समाजबाद मात्र बर्तमान बिश्वको एउटा भरपर्दो, सुरक्षित र सुनिश्चित भबिष्य हो भनिरहेका छन्। (**लेखक : नेकपाका अध्यक्ष हुनुहुन्छ।)**

## सुस्त...

चेतावनी दिनुभएको छ। इजरायली सेनाले गाजामा सैन्य कारवाही विस्तारगर्न लाखौं आरक्षित सेनालाई बोलाएको छ। एक इजरायली अधिकारीका अनुसार यो योजना फिलिस्तिनी क्षेत्रको पूरा अधिग्रहणमा आधारित छ। टर्कले इजरायलले गाजाका बासिन्दाहरुलाई बलपूर्वक दक्षिणी क्षेत्रको सानो भागमा सार्ने योजना र गाजाबाहिर निष्कासनगर्ने धम्कीहरुले यस कुरा प्रष्ट पार्छकि इजरायलको कार्यले फिलिस्तिनीहरुलाई त्यहाँ बाँच्नै नसक्ने अवस्था सिर्जना गर्दैछ भन्नुभएको छ। बन्धकको रिहाइ पनि सम्भव भएको छैन। सन् २०२३ अक्टोबर सातमा इजरायली सैन्य आक्रमण शुरु भएदेखि गाजा पट्टीमा १६ हजारभन्दा बढी बालबालिकाको मृत्यु भएको तथ्यांक सार्बजनिक भएको छ। जहाँ हरेक ४० मिनेटमा एक बच्चाको मृत्यु भइरहेको छ। गाजाका स्वास्थ्य अधिकारीहरुका फिल्ड अस्पतालका निर्देशक मारवान अल-हाम्सले मृतकमा १६ हजार २७८ बालबालिका रहेका र तीमध्ये ९०८ शिशु र ३११ नवजात शिशुहरु जन्मपछि मरेको बताउनुभएको छ। आवश्यक स्वास्थ्य सेवामा बाधा पुऱ्याउँदै इजरायलले मार्चको शुरुमा क्रसिङहरु बन्द गरेपछि मानवीय अवस्था निकै बिग्रिएको उहाँको भनाई छ। हालै शुरु भएको भारत-पाकिस्तान युद्धमा पनि बालबालिका र निहत्था सर्बसाधारण धेरै मारिएका छन्। त्यसैगरी भारतले पाकिस्तानमा पानीको प्रवाह बन्द गरेर मानवता बिरोधी हर्कत थालेको देखिएको छ। विश्वका बिभिन्न भागमा जेजस्ता राजनीतिक द्वन्दहरु भड्किएका छन्, तिन्ले मानवीय पक्षलाई बेवास्ता गरेका कारण मानवमात्रको बिनाश बढ्दै गएको देखिएको छ। यो केही बर्षभित्रै मानव विनाशको कारण बन्ने संकेतहरु देखिएका छन्। जुन संसारकै लागि चिन्ता र चासोका बिषयहरु हुन्।

## बामपन्थी....

गौतम वा कांग्रेसका तत्कालीन नेता गिरिजाप्रसाद कोइरालाकोसमेत स्वस्थ आलोचनागर्न डराउनु हुन्थेन। ०५५ सालतिर एमाले पार्टीको प्रचार विभाग प्रमुख बनेका नेपालकै कार्यकायलमा हाल एमालेले सञ्चालन गरेको सीपीएन यूएमएल ओआरजी नामक वेबसाइट दर्ताभएको थियो। प्रदीप नेपाल नेपालको बाम राजनीति, पत्रकारिता र साहित्यमा एकसाथ अगाडि बढ्नु भएको थियो। उहाँको योगदानको मृत्युपर्यन्त धेरैले स्मरणगर्न थालेका छन्। उहाँ भाबि पुस्ताका लागि खुल्ला पुस्तकजस्तै रहनुभएको छ। भाबि पुस्ताले उहाँको बहुआयामिक योगदानका बारेमा खोजी गरेर उजागरगर्न सकेको खण्डमा त्यो अर्को ठूलो र महत्वपूर्ण योगदान हुने छ।

## भडकिएको....

पाकिस्तान युद्धले नेपालको बर्तमान सरकारमा रहेकाहरुलाई केही राहत मिले पनि देशका लागि घाटा भएको छ। नेपालमा कुनै अप्रिय घटना भएको खण्डमा भारतीय हस्तक्षेपको संभावना बढेको छ। त्यसैगरी बंगलादेशले पूर्ब प्रधानमन्त्रि शेख हसिना बिरुद्ध चालेका कदमहरु तत्काल रोक्न अथवा मत्थर बनाउन बाध्य हुनुपरेको छ। यस्तो अवस्थामा यदि भारत-पाकिस्तान युद्ध चर्किंदै गएको खण्डमा यसले विश्व युद्धकै रुप धारणगर्न सक्ने अवस्था पनि छ। होइन यदि भारत युद्धबाट तत्काल पछाडि हट्नुपरेको खण्डमा छिमेकी मामिलामा भारतले ठूलो दबावको सामना गर्नुपर्ने देखिएको छ। यस्तो अवस्थामा नेपालले आफ्नो असंलग्न परराष्ट्र नीतिको भरपुर उपयोगगर्न सक्नुपर्ने भएको छ। नेपालले भारत र पाकिस्तान दुबैलाई युद्ध रोकेर वार्ताका माध्यमबाट समस्याको समाधानगर्न दबाव बढाउनु पर्ने अवसथा छ। यस्तो अवस्थामा नेपाल यो वा त्यो खेमामा लागेको खण्डमा त्यसको असर नकारात्मक र दीर्घकालीन हुने देखिएको छ। नेपाल शान्ति सेना मार्फत विश्वभर शान्ति कायम गर्ने भूमिकामा रहेको मुलुक पनि हो। त्यसैले नेपालले यो वा त्यो खेमामा लाग्नु हुँदैन। पहलगाम हमलामा एक नेपाली र २५ भारतीय पर्यटकको ज्यानगएको थियो। त्यसको छानविन गरेर समस्यालाई सतहमै पुगेर समाधान गर्न/गराउन सकिन्थ्यो। तर भारतले पाकिस्तान र पाकिस्तान अधीनस्थ कश्मीरमा मिसाइल आक्रमण गरेपछि स्थिति भाँडिन पुगेको छ। भारत र पाकिस्तानबीचको तनावको असर जहिले पनि नेपालमा पनि पर्दैआएको छ। त्यसैले त्यसको समाधानमा नेपालले ततष्ट भूमिका निर्वाह गर्नुपर्ने अवसथा छ। नेकां र एमालेजस्ता दुई ठूला पार्टी सहितको शक्तिशाली सरकारले आफ्नो शक्ति देखाउने यो क्षण पनि हो।

## नेकपा...

नेपाललाई ग्रे स्टेटको सूचीमा राखिएको छ। स्विस बैंकमा पनि नेपालीको ठुलो रकम जम्मा भएको कुरा बाहिर आएको छ। पोखरा विमानस्थलमा अरबौं रुपैयाँ भ्रष्टाचार भएको कुरा संसदीय लेखा समितिको उपसमितिले नै बाहिर ल्याएको छ। यी केही बाहिर आएका भ्रष्टाचारका घटनाबाहेक देशमा यस प्रकारका अझै प्रकाशमा नआएका अनगिन्ती भ्रष्टाचारका काण्ड हुन सक्दछन्। यो लुकेको कुरा होइन कि यस प्रकारका भ्रष्टाचारमा उच्च तहको राजनीतिक नेतृत्वको पनि संलग्नता रहने गरेको छ र राजनीतिक संरक्षणका कारणले नै देशमा भ्रष्टाचार मौलाउन सकिरहेको छ। भ्रष्टाचारका सानातिना घटनाबारे केही छानबिन वा कारबाही हुन्छ तर ठुला घटनालाई राजनीतिक नेतृत्व वा उच्च पदाधिकारीको बलमा दबाएर नै राखिन्छ। अहिलेको नीति तथा कार्यक्रममा पनि देशमा तलदेखि माथिसम्म त्यति गहिरो जरा हालेको भ्रष्टाचारको निवारणका लागि कुनै कार्यक्रम ल्याइएको छैन भनिएको छ। बक्तब्यको अर्को बुँदामा नेपालको संविधानमा समाजवादोन्मुख राज्यको निर्माणको कुरागरिएको छ तर नीति तथा कार्यक्रममा त्यसको पक्षमा एउटा पनि नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छैन। समाजवादो न्मुख राज्य निर्माणको लागि सार्वजनिक क्षेत्रमा उद्योगको निर्माण, सामन्ती भूस्वामित्वको अन्त्य, हदभन्दा बढी जमिन बिनाक्षतिपूर्ति अपहरण, त्यो जमिन भूमिहीन किसानमा निःशुल्क वितरण, शिक्षा र स्वास्थ्यमा निःशुल्क पहुँच, शिक्षा र स्वास्थ्यमा निजीकरणको अन्त्य आदि कुरा प्रारम्भिक महत्वका कुराहरु हुन् तर नीति तथा कार्यक्रममा त्यस प्रकारका कुनै पनि कुरा सामेल गरिएका छैनन्। त्यसले के बताउँछ भने राज्य पूरै समाजवादको विपरीत पुँजीवादी वा दलाल र विदेशी पुँजीको सेवामा नै उन्मुख भएको देखिन्छ। त्यसबाट के प्रष्ट हुन्छभने देशमा केही विकास भयो भने पनि त्यो नेपाली जनताको लागि नभएर पुँजीवाद वा दलाल र नोकरशाही पूँजीको सेवाका लागि नै हुनेछ भनिएको छ। त्यसैगरी नेपालमा सार्वजनिक क्षेत्रमा हुने उद्योग छैनन् भने पनि हुन्छ। पहिले सार्वजनिक क्षेत्रमा भएका उद्योग या त रुग्ण अवस्थामा पुगे वा तिनीहरुलाई निजीकरण गरियो। देशमा कुनै नयाँ उद्योगको विकासको सम्भावना भएपनि सरकारको जोड तिनीहरुलाई सार्वजनिक क्षेत्रमा सञ्चालनगर्ने होइन, निजी क्षेत्रलाई नै हस्तान्तरण गर्नेतर्फ हुन्छ। त्यो सरकारमा पुँजीपति, दलाल र पुँजीपति विदेशी पुँजीपति वा बिचौलियाको पूर्ण प्रभाव हुनुको नै परिणाम हो। नवलपुरको धौवादी फलामखानीबाट देशको फलामको सम्पूर्ण आवश्यकता पूरा हुने सम्भावना छ तर त्यसलाई सरकारले निजी क्षेत्रमा दिने सम्भावना देखा पर्दै गइरहेको छ। दैलेखको पेट्रोलखानीको काम शुरु भयो भने पनि त्यसलाई निजी क्षेत्रलाई दिने नै बढी सम्भावना रहनेछ। सरकारको नेतृत्वमा रहेका उच्च नेताहरुले ठुलो रकम लिएर त्यस प्रकारका सबै सम्भावित उद्योग निजी क्षेत्रलाई दिने नीति नै अपनाउने गरेको पाइन्छ। देशको दिगो विकास वा समाजवादोन्मुख राज्यको निर्माणका लागि सरकारका त्यस प्रकारका सबै नीति तथा कार्यक्रमका विरुद्ध व्यापक जनमत र आन्दोलन उठाउन जोड दिनुपर्ने आवश्यकता छ भनिएको छ। बक्तव्यको अन्त्यमा नीति तथा कार्यक्रम परम्परावादी प्रकारको र लोकप्रियतावादी प्रकारको छ। त्यसबाट देशको विकासमा कुनै मदत नपुग्ने कुरा प्रष्ट छ। गत कालमा प्रस्तुत गरिएका नीति तथा कार्यक्रममा जुन प्रतिबद्धता प्रकटगर्ने गरिएको छ, तीमध्ये धेरैजसोको कार्यान्वयन नै हुँदैन र तिनीहरुमध्ये कैयौंलाई पुनः नयाँ प्रस्तुत गरिएका नीति तथा कार्यक्रममा दोहोऱ्याउने गरिन्छ। त्यसैले अहिलेको नीति तथा कार्यक्रममा प्रस्तुत गरिएका कैयौं प्रतिबद्धता पनि बढी अर्थहीन नै हुनजान्छन्। त्यसैले हामीले सरकारले प्रतिगमनका विरुद्ध ठोस रुपले कामगर्न गरेका प्रतिबद्धतालाई दृढतापूर्वक समर्थनगर्दै समग्ररुपमा नीति तथा कार्यक्रमलाई अस्वीकार गर्दछौं र त्यसलाई विरोध गर्दछौं भनिएको छ।

## ४५० रोपनी...

तर्फबाट निवेदन आएको थियो। नगरपालिकाले अनुमति दिइसकेको छैन। साइड क्लियरियन्सको नाममा स्वीकृत नै नलिइ धेरै काम भइसके छ। यहाँको बस्ती नै हटेछ, हामी पनि छक्क परेका छौं। अब थप काम अगाडि बढाउन पाइँदैन भन्नुभएको छ। काठमाडौं उपत्यका विकास प्राधिकरण भक्तपुर शाखाका प्रमुख सफल श्रेष्ठले ५० रोपनीभन्दा माथिको जग्गा प्लानिङका लागि प्राधिकरणको केन्द्रीय कार्यालयसँग अनुमति लिनुपर्ने भएकाले यसबारेमा जिल्ला कार्यालयलाई कुनै जानकारी नभएको बताउनुभएको छ। डिभिजन वन कार्यालयका कर्मचारी दिनेश थापामगरले नापी कार्यालयको टोली बोलाएर वन क्षेत्र छुट्याएर किला ठोके पनि करिब १९ रोपनी वन क्षेत्रफलमा डोजर चलाएको बताउँदै त्यहाँको सल्लाको रुख कटान भएको बताउनुभएको छ। काँक्रबारी भित्री सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष रामकृष्ण तामाङले सामुदायिक वनको करिब १९ रोपनी क्षेत्रफलमा रहेको बुट्यान र सल्लाका रुख कटान भएको बताउँदै यहाँबाट गढी जाने पदमार्ग, घाँस दाउरागर्न जाने बाटो, कुलो र पानीको पाइप मासिएको बताउनुभएको छ। नापी कार्यालयका सर्वेक्षक राजीव श्रेष्ठले नापी कार्यालय सिमांकनसम्म गरिदिने बताउँदै भूउपयोग नियमावली बमोजिम कित्ताकाट गरेर राजीनामा लिखित गरी मालपोतबाट आएपछि मात्रै नापीले काम गर्ने बताउनुभएको छ। संघर्ष समितिका अध्यक्ष स्थानीयले प्रेमबहादुर तामाङ, उपाध्यक्ष एकराज तामाङ, सचिव सुनिल तामाङ डोङलगायतले एक महिनासम्म डोजर चलेर प्रकृति विनाश भइरहँदा पनि सरोकारवाला मौन बस्नुको रहस्य खोज्नुपर्ने बताउनुभएको छ। समितिका अध्यक्ष तामाङले यहाँका करिब ६० घरधुरीले प्रयोगगर्दै आएको खानेपानी बन्दभएको, २० रोपनीभन्दा बढी वन तथा सार्वजनिक जग्गा अतिक्रमणमा परेको बताउनुभएको छ। हाउजिङ कम्पनीका अध्यक्ष पूर्णबहादुर लिम्बूले विज्ञप्ति नै जारीगर्दै वडा कार्यालयबाट सिफारिस प्राप्तभई नगरपालिकामा फाइल पेस गरी नगरपालिकाबाट निर्णयको अन्तिम चरणमा रहेको, आवश्यक वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रिया पूरागरी सम्बन्धित सरकारी निकायबाट स्वीकृति प्राप्त गरिसकिएको दाबी गर्नुभयो। माटोको गुणस्तर परीक्षण गरिएको, खहरे खोल्सीहरुको हकमा पानीको बहावमापन तयार गरिएको, आयोजना क्षेत्रभित्र पर्ने सरकारी जग्गा, गोरेटो, कुलो खोल्सीको हकमा उपत्यका विकास प्राधिकरणको नियमअनुसार नै सार्वजनिक सम्पत्तिको संरक्षण गरिने, प्राधिकरणबाट निर्णय प्रक्रियाको चरणमा रहेको बताउनुभएको छ।

## सहकारीमा....

जिल्ला अदालतबाट ०७९ मंसिर १४ गते उक्त मुद्धाका पाँचजना आरोपीका नाममा हाजिर हुन आउने म्याद जारीभएको थियो। खनालकी बहिनी विर्तामोड नगरपालिका-२ निवासी गोमा खनाल भण्डारी र मामाससुरा भद्रपुर नगरपालिका-८ निवासी अनन्तजीवन लुइँटेल पक्राउपरेका थिए। अदालतको आदेश बमोजिम एक लाख ५० हजार धरौटीमा गोमा खनाल भण्डारी र ७५ हजार धरौटीमा अनन्तजीवन लुइँटेल तारेखमा छुटेका थिए। अहिले खनालकी पत्नी कमलादेवी भट्टराई र भाइ सीताराम खनालको खोजी भइरहेको प्रहरीले जनाएको छ।